म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३ मंगलबार ५ भदौ २०८० ने. सं. ११४३ गुलात्थ्व 22 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

हेटौंडामा समाजवादी मोर्चाको घोषणासभा गरिने

हेटौंडा, ४ भदौ/समाजवादी मोर्चाले प्रदेश स्तरमा घोषणासभाको आयोजना गर्ने भएको छ । सोमबार नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कार्यालयमा बसेको मोर्चाको बैठकले भदौ ८ गतेबाट प्रदेश स्तरमा घोषणा सभा गर्ने निर्णय गरेको हो । मोर्चाको एउटा घोषणासभा हेटौंडामा पनि हुने भएको छ । बैठकपछि सञ्चारकर्मीहरुसँग बोल्दै नेकपा (एकीकृत समाजवादी)का नेता प्रमेश हमालले २३ भदौमा हेटौंडामा बागमती प्रदेशस्तरीय घोषणासभा गरिने निर्णय भएको जानकारी दिए । उनले ८ गते मधेश प्रदेशको वीरगञ्जमा, १२ गते लुम्बिनीको बुटवल, १३ गते सुदूरपश्चिमको धनगढी, १४ गते कर्णालीको सुर्खेत, १५ गते गण्डकीको पोखरा, २५ गते कोशीको विराटनगरमा घोषणासभा गर्ने निर्णय भएको बताए । उनले बैठकमा समसामयिक राजनीति र समाजवादी मोर्चाको भूमिकाको बारेमा छलफल भएको बताएका छन् ।

महत्वाकांक्षी देखिएको प्रदेशको श्रम तथा रोजगार नीति

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ बागमती प्रदेश सरकारले सोमबार हेटौंडाबाट प्रदेश श्रम तथा रोजगार नीति-२०८० सार्वजनिक गरेको छ ।

मौलिक हकको कार्यान्वयन, दीगो विकास लक्ष्य हासिल गर्दै उच्चआयस्तर भएको मुलुकमा स्तरोन्नती हुन र श्रम तथा रोजगारको क्षेत्रमा गुणात्मक सुधारको आवश्यकता पहिल्याउँदै प्रदेशले नीति ल्याएको दाबी गरेको छ । तर, प्रदेश सरकारले श्रम तथा रोजगार नीति ल्याईरहँदा यसको कार्यान्वयन र अपेक्षाकृत उपलब्धीमाथि नै प्रश्न उठ्ने देखिन्छ । कार्यकर्तामुखी बजेट, कमिशनको गोलचक्करले श्रम तथा रोजगार नीति कार्यान्वयमै प्रमुख चुनौती छ । उत्पादनमा आधारित भनिए पनि कार्यकर्ता लक्षित अनुदान रकम वितरण, घरेलु उद्यमलाई वेवास्था, व्यवसायिक सुरक्षाको अभावले श्रम तथा रोजगार नीतिले लिएको अपेक्षाकृत उपलब्धी हासिलमै चुनौती छ ।

प्रदेशको श्रम तथा रोजगार नीतिले काम गर्न सक्ने उमेर समूहका व्यक्तिलाई लक्षित गरी रोजगारमूलक कार्यक्रम, स्थानीय स्रोतसाधान र परम्परागत प्रविधिलाई स्तरोन्नती गरी उत्पादकत्वमा वृद्धि गर्ने, अनौपचारिक क्षेत्रका श्रमिकलाई औपचारिकीकरण गर्ने, रोजगार तथा स्वरोजगारमूलक कदम तथा पेसा व्यवसायको प्रवर्द्धन गर्ने लक्ष्य दिएको छ । प्रदेश सरकारले रोजगारीमूलक कार्यक्रमहरु पूर्वाधार निर्माणका परियोजनासँग आवद्ध गर्ने, श्रम बजारको आवश्यकता बमोजिमको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने, प्राविधिक जनशक्तिको विकास गर्ने, तालिम प्रदायक संस्थाहरुको स्थापना र सुदृढिकरण गर्नेलगायतका नीति लिएको छ ।

सरकारको श्रम तथा रोजगार नीतिमा उल्लेख भएका विषयवस्तुले श्रम बजारमा जति उत्साह दिन्छ त्यति नै सरकारको प्राथमिकता र विगतका कार्यान्वयनको अवस्थालाई नियाल्दा निराश पनि बनाउँछ । हरेक सरकारले श्रम तथा रोजगारलाई प्राथमिकता दिएर बजेट निर्माण गरेका छैनन् । कृषि र शिक्षामा प्राथमिकतामा दिइएको भनिएको बजेट सडक, पुलमै थुप्रिने गरेका छन् । त्यो पनि शक्तिशाली नेताका जिल्लामा बजेटको चाङ लागेको विपक्षी दलका सांसदहरुले नै आरोप लगाइरहेका छन् । श्रम तथा रोजगारको क्षेत्रमा प्राथमिकताका साथ बजेट नै विनियोजन नभएको अवस्थामा यस नीतिले लिएको लक्ष्य हासिल हुनेमा शंका रहेको श्रमिकहरु नै बताउँछन् ।

हेटौंडा औद्योगिक क्षेत्र सहित प्रदेशभित्र रहेका औद्योगिक क्षेत्रहरुमा रहेका श्रमिकहरुले नियमित तलब नपाइरहेको, श्रम शोषण भइरहेको गुनासो बर्खेलै छन् । श्रमिकलाई नियमित तलब दिलाउन नसकेको, श्रम शोषणको निरुत्साहनमा नलागेको सरकारले श्रम तथा रोजगार नीति कसरी कार्यान्वयन गर्छ भन्दै औद्योगिक क्षेत्रका पूर्वश्रमिक सुरेन्द्र हुमागाईं प्रश्न गर्छन् । उनले आफू औद्योगिक क्षेत्रमा श्रम शोषणमा परेको कारण काम छोडेर मलेशियामा वैदेशिक रोजगारीका लागि जान लागेको बताए । 'श्रमिकको गुनासो त नसुन्ने सरकारले श्रम र रोजगारको क्षेत्रका कसरी आशालारदो काम गर्छ ? श्रमिक जति नेपालमा बस्दै रुचाउँदैनन् । यहाँ न काम गर्ने वातावरण छ, न कामको सम्मान, न त समयमै पारिश्रमिक पाइन्छ ।', हुमागाईं भन्छन् ।

प्रदेश सरकारले नै श्रम तथा रोजगार क्षेत्रमा चुनौती देखेको छ । दीर्घकालीन जनशक्ति विकास योजना नहुनु, तुलानात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरुको पहिचान हुन नसक्नु, आधुनिक सूचना प्रणालीसहितको श्रम बजार को समुचित विकास हुन नसक्नु, उत्पादनमूलक उद्योगप्रतिको आकर्षण घट्दै जानुलाई सरकारले समस्या र चुनौतीको रुपमा लिएको छ । सर कारले श्रम तथा रोजगार नीतिको प्रभावकारी कार्यान्वयन नहुनुलाई ठूलो समस्यामा लिएको छ । यसले पनि सरकारको श्रम तथा रोजगार नीति कार्यान्वयन हुनेमा शंका पैदा गरेको छ । सरकारको नेतृत्व गरेका राजनीतिज्ञ र कर्मचारीतन्त्रले महत्वको विषय नसम्झिनुले श्रम तथा रोजगार नीति कार्यान्वयनमा समस्या र यसको लक्ष्य हासिल हुन नसकेको विगतले देखाउँछ ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सोमबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरी प्रदेश श्रम तथा रोजगार नीति सार्वजनिक गरेको हो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल, श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्सालसहितले नीतिको औपचारिक सार्वजनिक गरेका हुन् । मुख्यमन्त्री जम्मकट्टेलले प्रदेश सरकारले रोजगारी सृजना गर्ने नीति अगाडि सारेको बताए । मुख्य रुपमा रोजगारी सृजना गर्नु नै सरकारको काम रहेकाले प्रदेश श्रम तथा रोजगार नीति-२०८० लाई आवश्यक ऐन कानून बनाएर लैजाने प्रतिबद्धता व्यक्त गरे । उनले अब प्रदेश सरकारले समुदायमा आधारित कृषिको मोडल बनाएर रोजगारीसँग जोड्ने सुनाए ।

अहिले प्रदेश सरकारले १४ करोड रुपैयाँ बजेट विनियोजन गरेर त्यसबाट २० हजार जना किसानलाई जोड्ने उनले दाबी गरेका छन् । सीप सिकेर मात्र विदेश जानुपर्ने गरी सबै युवाहरुलाई सीप सिकाउनेतर्फ आफूहरु लागि परेको उनको भनाई छ । साथै उनले सामाजिक सुरक्षा कोषमा सरकारको लगानी नभएकोमा आपत्ति जनाए । श्रम र रोजगार मात्र नभई प्रदेश सरकारले यातायात क्षेत्रलाई पनि व्यवस्थित बनाउने उनको भनाई छ । कार्यक्रममा मन्त्रालयका सचिव तिर्थराज भट्टराइले प्रदेशको श्रम तथा रोजगार नीतिका बारेमा प्रस्तुतीकरण दिएका थिए ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा नरविक्रम थापा, श्रम रोजगार तथा यातायात मन्त्रालयका सचिव तीर्थराज भट्टराई, सामाजिक विकास मन्त्रालयका सचिव डा. भिष्मकुमार भुसाल, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईलगायतको आतिथ्यता रहेको थियो ।

मनहरीमा वन समूहको २५ लाख हराएपछि पदाधिकारीको हारगुहार

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीमा रहेको एक सामुदायिक वन उपभोक्ता समूहको खाताबाट २५ लाख रुपैयाँ हराएपछि पदाधिकारीहरु हारगुहारमा लागेका छन् ।

वनको पैसा चोरी भएको घटना भने हालसालैको नभई १४ माघ २०७९ को हो । मनहरी-६ स्थित सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूहको हेटौंडास्थित राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर १३००१०००२४६५००१ बाट २५ लाख रुपैयाँ चोरी भएको घटना यसअघि जिल्ला प्रहरी कार्यालयमा पनि आइपुगेको थियो ।

तत्कालीन एसपी बामदेव गौतमको कार्यकालमा वनको पैसा चोरी गरेको आरोपितलाई ल्याएर पैसा फिर्ता गर्ने सहमतिपछि पठाइएको थियो । उक्त सहमतिअनुसार चोरीको आरोप लागेका मनहरीकै स्थानीयले रकम फिर्ता नगरेपछि वनका पदाधिकारीहरु अझै पनि हार गुहारमै छन् ।

वनको २५ लाख रकम हेटौंडामै रहेको कामना सेवा विकास बैंकमा रहेको मनहरी-६ डिपाडस्थित दिदीबहिनी होटलका सञ्चालक ४२ वर्षीय लालकुमार थिङको खाता नम्बर ४९१४९००५५३८७७०००००१ मा रकम ट्रान्सफर भएको वन समूहका पदाधिकारीले आरोप लगाएका छन् । वन उपभोक्ता समूहका अध्यक्ष शिवकुमार विश्वकर्मा वन्यजन्तुको लागि कुवा र काठेपुल निर्माण सम्पन्न पश्चात समितिको बैठक बसी आवश्यक अनुसार पैसा निकासी गर्न चेक झोलामा बोकेर हिँडेको र होटलमा खाजा खानेबेला सञ्चालकले चेक चोरेर रकम झिकेको दाबी गरिएको छ । होटलमा शौचालय पुगेको बेला चेक हराएको भोलीपल्ट थाहा पाएपछि अध्यक्ष विश्वकर्माले वन समितिको बैठक बोलाएर चेक हराएको र प्रहरीको जाहेरी दिने तथा सबडिभिजन वन कार्यालय मनहरीमा जानकारी गराउने निर्णय गरेका थिए ।

'चेक बुकको हस्ताक्षर युक्त दुईवटा चेक हराएको थियो । चेक हराएको केही दिनमै बैंकमा पुगेर बुझ्दा पैसा अरुकै खातामा माघ १८ गते ट्रान्सफर भइसकेको पाथौं ।', अध्यक्ष विश्वकर्माले सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै घटना सम्झिए । पैसा आफूले खाजा खाएकै होटल सञ्चालक थिङको खातामा ट्रान्सफर भएको र थिङले नै चेक चोरी गरेर पैसा आफ्नो खातामा ट्रान्सफर गरेको उनको दाबी छ । विकले थिङलाई फोन सम्पर्क गरी यस विषयमा सोधपुछ गर्दा आफूलाई अश्लील शब्द प्रयोग गरी फसाइसकेको र मान्छे लगाई ज्यान मार्ने धम्की दिएको दुःखेसो गरेका छन् । वन समूहका पदाधिकारीहरु यतिबेला ज्यान सुरक्षाको माग गर्दै र चोरी भएको र कम फिर्ता ल्याउन प्रहरीदेखि सरोकारवाला निकायसँग हारगुहार गरिरहेका हुन् ।

अध्यक्ष विश्वकर्माले ज्यान मार्ने धम्की आएपछि आवश्यक कारवाही गर्न र आफ्नो जिउधन र शान्तिसुरक्षाका लागि प्रहरीकोमा निवेदन दिएका छन् । 'म लालकुमार बाट असुरक्षित छु । मैले जानाजान फसाउन यस्तो गरेको, जे गर्न सक्छस् गर भन्दै मलाई धम्क्याउने काम भएको छ । म कसरी त्यसो पैसाको व्यवस्थापन गर्न सक्नु ? लालकुमारविरुद्ध उजुरी बोकेर जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयमा पटकपटक धाएको छु । तर, अन्तिममा मात्र जाहेरी दर्ता भएको थियो ।', उनले भने । कोषको रकम व्यक्तिले चोरेपछि वन समूहले फागुन ५ गते बैठक राखेर विकास भनिने लालकुमार थिङलाई कारवाही गर्न कानुनी प्रक्रिया थाल्ने निर्णय गरिएको उनले बताए ।

घटनापछि पृहरीमा निवेदन दिई पकाउ गरिएको र जिल्ला प्रहरी कार्यालय मकवानपुरले मुद्दा चलाई फागुन २० गतेभित्र र कम जम्मा गर्ने 'मौखिक भाका' दिएर छाडिएको अध्यक्ष विश्वकर्मले बताए । प्रहरीले रकमको विषयमा कुनै प्रकारको लिखित कागज नगरेको उनको भनाई छ । तर, पैसा जम्मागर्ने सर्तमा आरोपितलाई छुटाइएपछि थिङ सम्पर्कविहीन भएको जनाइएको छ ।

मकवानपुरका तीन खेलाडी यू-१६ राष्ट्रिय टोलीमा

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ नेपालको उमेर समूह (यू-१६)को राष्ट्रिय फुटबल टोलीमा मकवानपुरका तीनजना खेलाडी अटाएका छन् ।

भादौ १५-२५ सम्म भुटानको थिम्पुमा साउथ एसियन फुटबल महासंघ (साफ)ले गर्ने युथ-१६ साफ च्याम्पियनसीप फुटबल प्रतियोगिताको अन्तिम छनौटमा मकवानपुरका तीनजना खेलाडी अटाएका हुन् । अघिल्लो संस्करणको उपविजेता रहेको नेपालले बन्द प्रशिक्षणपछि २३ जनाको टोली तयार गरेको छ । मकवानपुर घर भई ए डिभिजन क्लबको युथ-१६ टिममा अर्थात न्युरोड टिम एनआर टीका गोलरक्षक विशेष बानियाँ र फरवार्ड सन्तोष गोड्वा राष्ट्रिय टोलीमा परेका हुन् । त्रिभुवन आर्मी फुटबल क्लबको युथ-१६ टिमका डिफेन्डर मकवानपुरका भुवन कामी पनि टोलीमा अटाएका हुन् ।

हेटौंडा-२ वनस्खण्डी घर भएका बानियाँ विगत तीन वर्षदेखि एन्फाको युथ परियोजनाअन्तर्गत न्युरोड टिम एनआरटीको युथ एकेडेमीमा रहेर प्रशिक्षण गरिरहेका थिए । उनी ल्याबोरेटरी स्कूलमा कक्षा १० मा अध्ययन गर्छन् । उनले स्कूलस्तरको प्रतिष्ठित प्रतियोगिताहरु सैनिक कप, आईजिपि कपलगायतका प्रतियोगिताहरुमा उत्कृष्ट प्रदर्शन गरेर आफूलाई उमेर समूहमा अब्बल खेलाडीमा ठहराएका छन् । शिक्षा विकास शिशुसदनमा अध्ययनरत् हेटौंडा-१९ घर भएका सन्तोष न्युरोड टिम एनआरटीमा खुल्ला छनौटमार्फत आवद्ध भएका थिए ।

लिगको पहिलो खेलमा त्रिभुवन आर्मी फुटबल क्लबको युथ-१६ टिमलाई एनआरटीले ५-१ गोल अन्तरले बिजयी भएको जसमा पाँचै गोल सन्तोषले गरेका थिए । उनी लिगको पहिलो हयाट्रिक गर्ने खेलाडी र जारी युथ-१६ लिगको टप स्कोर र हुन् । सात वर्षको उमेरमा बिजुलीको ट्रान्सफर्मरमा परेर दोस्रो जीवन पाएका भुवन राष्ट्रिय टोलीमा अटाए । हेटौंडा-१० भुटनदेवीरोड बस्ने भुवन पनि विगत तीन वर्षदेखि एन्फाको युथ परियोजना अन्तर्गत त्रिभुवन आर्मी युथ एकेडेमीमा रहेर प्रशिक्षण गरिरहेका थिए ।

मकवानपुरमा जम्मा ९० प्रतिशत धान रोपाइँ

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरमा अहिलेसम्म जम्मा ९० प्रतिशत मात्रै धान रोपाइँ भएको छ । कृषि विकास निर्देशनालय बागमती प्रदेशका कृषि अर्थविज्ञ रामहरि तिमल्सिनाले भदौ १ गतेसम्म मकवानपुरमा जम्मा ९० प्रतिशत मात्रै धान रोपाइँ भएको जानकारी दिए ।

उनका अनुसार गतवर्ष यहिअवधिमा मकवानपुरमा शतप्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो । कृषि अर्थविज्ञ तिमल्सिनाका अनुसार यसवर्ष समयमै पानी नपरेको र कम पानीपरेका कारण धान रोपाइँमा ढिलाई भएको हो ।

'मकवानपुरमा अहिलेसम्म ९० प्रतिशत मात्रै धान रोपाइँ भएको छ । विगतको वर्षमा भन्दा यसवर्ष पानी कम परेका कारण धान रोपाई केही ढिला भएको हो । यतिबेलासम्म मकवानपुरमा धान रोपाई सम्पन्न भइसक्नुपर्ने थियो ।' उनले भने ।

यस्तै लम्पी स्किन संक्रमणका कारण पनि यसवर्ष धान रोपाईमा ढिलाई भएको छ । खेती गर्ने समयमा धेरै किसानका गाईवस्तुमा लम्पी स्किनको संक्रमण फैलिदा गोरु बिरामी हुनेदेखि मर्नेसम्मका कारणले धेरै ठाउँमा समयमै धान रोप्न समस्या भएको विज्ञ तिमल्सिनाले बताए ।

मकवानपुरमा ९ हजार ४५० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेकोमा यसवर्ष जम्मा ७ हजार ८७ हेक्टर क्षेत्रफलमा मात्रै धान खेती भएको कृषि अर्थविज्ञ तिमल्सिनाले जानकारी दिए । मकवानपुरका अधिकांश स्थानमा खेतीका लागि आकाशे पानीको भर पर्नुपर्ने भएकाले पनि धान रोपाई समयमै हुन नसकेको उनको भनाई छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास मित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फ्रेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

सम्बन्धबिच्छेद अर्थात् पारिवारिक बिखण्डन

जिल्ला अदालत मकवानपुरमा एक वर्षभित्र दर्ता भएका कुल ३ हजार बढी मुद्दामा सम्बन्धविच्छेदका मुद्दा मात्रै करिब १ हजार रहेका छन् । जिल्ला अदालतमा यौनदुर्व्यहार, जर्वजस्तीकरणी, ज्यान मार्ने उद्योग, सम्बन्धविच्छेद, लागूऔषध ओसार पसारलगायत विभिन्न प्रकृतिका घटनाका मुद्दा दायर हुने गरेका छन् । जसमध्ये एकतिहाई मुद्दा सम्बन्धविच्छेदकै रहेको जिल्ला अदालतको तथ्यांकले देखाएको छ । सम्बन्धविच्छेद गर्ने र गर्न चाहनेहरुको मुद्दालाई हेर्दा पछिल्लो समय पारिवारिक बिखण्डन बढ्दै गएको पाइन्छ । यसका कारकहरु आर्थिक पक्ष, एकअर्कामा विश्वासको अवस्था नरहनुलगायत छन् । परिवारमा पतिपत्नीबीच बिमेल बढ्दा सम्बन्धविच्छेदका घटनावृद्धि भएको हो । जिल्ला अदालत मकवानपुरमा आर्थिक वर्ष २०७९/८० मा ३ हजार ३ सय ५७ मुद्दा दर्ता भएका थिए । जसमध्ये २८ दशमलव ५० प्रतिशत अर्थात ९ सय ७५ वटा सम्बन्धविच्छेदका मात्रै मुद्दा रहेको अदालतले जानकारी दिएको छ । जिल्ला अदालत मकवानपुरमा दर्ता भएका सम्बन्धविच्छेदका अदालतमा परेका मुद्दामध्ये ७ सय ६८ वटाको फैसला भइसकेको छ । २ सय ७ वटा फैसला हुन बाँकी छ ।

मुलुकमा नयाँ संहिता कार्यान्वयनमा आएपछि सम्बन्धविच्छेदका लागि पुरुषलाई पनि सहज बनाएले गर्दा सम्बन्धविच्छेदको मुद्दा बढेको अधिवक्ताहरु बताउँछन् । 'अदालतमा दर्ता भएका मुद्दामध्ये एकतिहाई सम्बन्धविच्छेदका छन् । नयाँ संहितामा महिलासरह पुरुषहरु पनि सम्बन्धविच्छेदका लागि अदालत जान सक्ने कानुनी व्यवस्था गरिएको छ । नयाँ संहिता लागू भएपछि मकवानपुरमा सम्बन्धविच्छेद गर्न कानुनी उपचार खोज्दै अदालत पुग्ने पुरुषको संख्या पनि बढेको छ । अदालतका अनुसार आव ०७८/७९ मा दर्ता भएका ८ सय ५९ थान सम्बन्धविच्छेदका मुद्दामध्ये ३ सय २ वटा मुद्दा पत्नीसँग सम्बन्धविच्छेद गरिपाउँ भनेर पुरुषले मुद्दा दर्ता गराएका थिए । अहिले त्यो संख्या बढेर ३ सय ३३ पुगेको छ । नयाँ संहिता कार्यान्वयन नआउँदासम्म पुरुषले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दर्ता गराउने व्यवस्था थिएन । मुद्दाका प्रकृति र परिवारमा आएको बेमेलमालई हेर्दा स्वतन्त्र हुने नाममा ससाना मनमुटावमा पनि दम्पतीको सम्बन्धविच्छेद हुने क्रम बढेको छ । विवाह भएको वर्षदिन नपुर्दै सम्बन्धविच्छेद गर्ने युवा जोडी पनि छन् । गत आवमा जिल्ला अदालत मकवानपुरमा विवाहको वर्षदिन नपुर्दै ४ जोडीले सम्बन्धविच्छेदका लागि निवेदन दर्ता गराएका थिए । गत आवमा ६० वर्ष पार गरिसकेका ४ वृद्धले पत्नीसँग सम्बन्धविच्छेदका लागि निवेदन दर्ता गराएका थिए । सम्बन्धविच्छेदका लागि आएका अधिकांश महिला पति एव घरपरिवारको हिंसा सहन नसकेको निवेदनमा देखिन्छ ।

बालविवाह पनि क्रमश: सम्बन्धविच्छेदमा परिणत हुन थालेको छ । २०-२२ वर्षका युवतीहरु २-३ वटा बच्चा लिएर सम्बन्धविच्छेदका लागि अदालतमा आउने गरेका छन् । उनीहरुको विवाह १५-१६ वर्षको उमेर भएको देखिन्छ । सम्बन्धविच्छेदका लागि अदालतमा दर्ता भएका यस्ता मुद्दा प्रशस्तै छन् । महिलाले सम्बन्धविच्छेदको निम्ति अदालतमा दिएको उजुरीमा मेलमिलापमार्फत पुरुषको पनि छिट्टै सहमति हुने भएकाले फैसला चाँडै हुने गरेको छ । मेलमिलापमार्फत सहमति हुन नसकेमा सम्बन्धविच्छेदको मुद्दा फैसला गर्न कम्तिमा एक वर्ष कुर्नुपर्ने कानुनी व्यवस्था छ । पतिपत्नीबीच सम्बन्धविच्छेद नहोस् मिलेर बसुन् भन्ने उद्देश्यले एकवर्ष कुर्नुपर्ने कानुनी व्यवस्था गरिएको हो । नयाँ देवानी संहिताको भाग ३ को परिच्छेद ३ मा सम्बन्धविच्छेदसम्बन्धी व्यवस्था छ । त्यसमा महिलाका लागि भएका व्यवस्था पुरुषका लागि पनि राखिएका छन् । यसपछि पत्नीसरह पतिले पनि सम्बन्धविच्छेद गर्न सक्छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८४५२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२७४५९८४४१०५०००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२४१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०४४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५८७, ९८४५९१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ ६ गते बुधबार २३ अगष्ट २०२३ । सप्तमी, श्रावण कृष्णपक्ष । गुलात्व्व ११४३ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३३ । गोस्वामी तुलासीदास जयन्ती

आजको राशिफल

मेष	: शुभ नतिजा आउनेछ	तुला	: घरेलु समस्याले सताउनेछ
वृष	: दिन रमाइलो हुनेछ	वृश्चिक	: आफन्तले धोका दिन सक्नेछन्
मिथुन	: मन खिन्न हुनेछ	धनु	: मनमा उमङ्ग बढ्नेछ
कर्कट	: शरीरमा स्फुर्ती बढ्नेछ	मकर	: रमाइलो छोटो यात्रा हुनेछ
सिंह	: घरायसी मेलमिलाप हुनेछ	कुम्भ	: काम गर्ने आत्मबल बढ्नेछ
कन्या	: पढाइलेखाइमा सफलता मिल्नेछ	मीन	: अरुको विश्वास जित्न सकिनेछ

यी नेताको कवच उतार्ने इन्द्र पो कता होलान् ?

✍ गोविन्द अधिकारी

लोकतन्त्र सजिलो, दक्ष र प्रभावकारी शासन व्यवस्था होइन । त्यसमथि संसदीय लोकतन्त्र त झन् बढी 'लचिलो' हुन्छ । तैपनि, अहिलेसम्म लोकतन्त्रभन्दा 'उम्दा' शासन पद्धति भेटिएको छैन । यसको कारण के हो भने लोकतन्त्रका शासन विधिअनुसार सञ्चालित हुन्छ ।

जनताले शासक छान्दा गल्ती नै गरे भने पनि उसले सीमा नाघ्न पाउँदैन । कार्यपालिकालाई सन्तुलनमा राख्न व्यवस्थापिका र न्यायपालिका हुन्छन् । यी तीनवटै संस्था एकअर्कामा आबद्ध तर स्वतन्त्र हुन्छन् । सम्भवत: लोकतन्त्रलाई उत्कृष्ट शासन प्रणाली बनाउने आधार यही हो ।

लोकतान्त्रिक अभ्यासका क्रम

कोकतान्त्रिक अभ्यासको इतिहास भएका समाजमा लोकतन्त्र शासन प्रणालीमा सीमित नभएर जीवनशैली बन्न पुगेको छ । यसैले शासकले लोकतन्त्रको बाटो बिराए वा छाडे भने त्यसलाई सच्याउने विधि, प्रक्रिया र संयन्त्र स्वत: सक्रिय हुन्छन् । लोकतान्त्रिक मूल्य आत्मसात् गरिनसकेको समाजमा भने त्यस्ता विधि, प्रक्रिया र संयन्त्र या त हुँदैनन् नत्र भए पनि अस्तित्वहीन हुन्छन् ।

नेपालमा लोकतान्त्रिक शासन प्रणालीको अभ्यास लामो छैन । यस्तै समाजमा लोकतान्त्रिक परम्परा स्थापित पनि भइसकेको छैन । त्यसैले होला हाम्रो लोकतान्त्रिक शासन नै 'खोको' र 'जाली'जस्तो देखिन पुगेको छ । हालैका सातावरूमा सर्वोच्च अदालतले दिएका आदेश र फैसलामा शासनको खोको तस्बिर फेरि उजागर भएको छ ।

हुनत, सर्वोच्च अदालतका यी ऐतिहासिक महत्त्वका निर्णयहरू पनि विवादरहित नहोलान् तर तिनले लोकतान्त्रिक शासन पद्धतिको मर्म भने उजागर गरेका छन् । दुर्भाग्य, विधिको शासनको मान्यता सम्झाउने न्यायपालिकाको निर्देशलाई सरकारले भने ग्रहण गर्न खोजेको देखिएन ।

पूर्ववतीलाई उन्मुक्ति : कलङ्कु बहालवाला प्रधानमन्त्रीमाथि

ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले मुख्य निर्णयकर्तालाई छानबिनबाट उन्मुक्ति दिइएकोमा सरकारको ध्यानाकर्षण गर्दै 'निर्णयका लागि जिम्मेवार मुख्य व्यक्तिलाई उत्तरदायी बनाउन' निर्देश दिएको छ । यसबाट मन्त्रिपरिषद्को निर्णयलाई 'नीतिगत' भन्दै छानबिनबाट उन्मुक्ति दिने रकमी अभ्यास पनि अस्वीकृत भएको छ ।

संयुक्त इजलासको आदेशमा नाम त कसैको किटिएको छैन तर त्यसले जुन जग्गा हिनामिना गैरकानुनी भयो भनेर मुद्दा चलाइएको हो त्यसको अन्तिम निर्णय गर्ने व्यक्तिहरूलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्छ भनिएको छ । त्यसको स्पष्ट अर्थ हुन्छ - त्यतिबेला मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीहरूलाई पनि उन्मुक्ति दिइनु हुँदैन । विडम्बना, ललितानिवास प्रकरणको छानबिन गरिरहेको सरकारी निकाय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले भने तत्कालीन प्रधानमन्त्रीहरूसँग बयानसमेत नलिई मुद्दा बुझाउन लागेको छ रे !

संयुक्त इजलासको निर्णयको पालन गर्नु मन्त्रिपरिषद् र त्यसमातहतका निकायको पनि कर्तव्य हो । सरकारका लागि अदालतको निर्णय स्वीकार्य नभए 'न्यायिक पुनरावलोकन' गराउने संवैधानिक उपाय अपनाउन सक्छ । तर, न्यायिक पुनरावलोकन नहुँदासम्म निर्णय कार्यान्वयन नगर्न मिल्दैन ।

न्यायालयको आदेशको यसरी प्रत्यक्ष र स्पष्ट अवज्ञा हुन थाल्यो भने विधिको शासनको सन्तुलन र संरचना सबै खलबलिन्छ । त्यसको अर्थ लोकतन्त्रको 'अवसान' हुनु हो । लाग्छ, प्रधानमन्त्री पुष्पकमल दाहाल सरकार सत्ता गठबन्धनका सहयोगी पूर्वप्रधानमन्त्री द्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि कारबाही चलाउनुभन्दा लोकतन्त्रको मर्ममा प्रहार गरेक। कलङ्क स्वीकार गर्न तत्पर छन् ।

फौजदारी अपराधका दोषीलाई क्षमादान अस्तीकार्य

सर्वोच्च अदालतकै संयुक्त इजलासको अर्को एउटा निर्णयमा टीकापुर हत्याकाण्डका सम्बन्धमा गरिएको टिप्पणीलाई भन्न त 'न्यायिक सक्रियताको उदाहरण' पनि भन्न सकिएला तर अघन्य अपराधका दोषीलाई क्षमादान वा अरू कुनै नाममा सजायबाट उन्मुक्ति दिनु विधिको शासनविपरीत हो भनिएको छ । निर्णय भने टीकापुर नरसंहारका मुख्य अभियुक्त रेशम चौधरीलाई राष्ट्रपतिले क्षमादान दिइसकेपछि सार्वजनिक भएको छ ।

हुनत, रेशम चौधरीलाई नरसंहारका मुख्य योजनाकार ठहर गरी जिल्ला र पुनरावेदन अदालतले दिएको सजाय नै सर्वोच्च अदालतको संयुक्त इजलासले २०८० को जेठ २ गते नै सदर गरेको हो । तर, हालै सार्वजनिक फैसलाको पूर्णपाठमा भने दीर्घकालीन महत्त्वका टिप्पणीहरू पनि उल्लेख गरिएका छन् ।

थरुहट आन्दोलनका नाममा २०७२ साल भदौ ७ गते कैलालीको टीकापुरमा ८ जना सुरक्षाकर्मी र एक बालकको हत्या भएको थियो । आन्दोलनकारीहरूको आक्रमणबाट ३६ जना सुरक्षाकर्मी घाइते भएका थिए । आश्चर्य, सशस्त्र तैनाथ सुरक्षाकर्मीले यस्ता घटनामा गर्ने आक्रामक व्यवहारविपरीत भदौ ७ मा टीकापुरमा अचम्मको संयम देखाए ।

निर्णयका आधार पुष्टि गर्न दिइएका महत्त्वपूर्ण तर्क र मिसिलमा रहेका प्रमाणहरूको विश्लेषणमा संयुक्त इजलासका न्यायाधीशहरूले निकै परिश्रम गरेको फैसलामा स्पष्ट देखिन्छ । सजाय सदर वा बदर यस लेखको विषय होइन । यसैले रेशम चौधरीलाई संविधानबमोजिम भन्दै दिइएको 'बाँकी कैद माफी'का विषयमा फैसलामा गरिएका टिप्पणीमा ध्यान दिऊँ ।

सरकारले अवज्ञा गरेका बुँदा

पहिलो, सर्वोच्च अदालतको संयुक्त इजलासले दलगत वा कुनै राजनीतिक व्यक्तिको स्वार्थका 'सहमति'का नाममा मुद्दा नचलाउने, फिर्ता लिने र अन्तिममा केही नलागे संवैधानिक प्राधानको अपव्याख्य गरेर सजाय माफी गर्ने अभ्यास नेपालको संविधान, २०७२ विपरीत हुने स्पष्ट पारेको छ । विधिको शासन रुचाउने जनसाधारणकै भावना यस टिप्पणीमा प्रतिविम्बित भएको देखिन्छ ।

दोस्रो, राजनीतिक आन्दोलन भएकाले त्यसलाई अपराध ठान्न नमिल्ने भन्नेहरूलाई संविधान र प्राकृतिक न्यायको मान्यता सम्झाउँदै स्पष्ट उत्तर दिइएको छ । शान्तिपूर्ण हुँदासम्म मात्र कुनै आन्दोलन राजनीतिक मानिनसक्छ । आन्दोलनले हिंसाको बाटो समातेपछि राज्यले पनि त्यसलाई फौजदारी अपराध नै ठान्नुपर्ने हुन्छ र मुलुकको फौजदारी कानुनअनुसार कारबाही हुनुपर्छ ।

तेस्रो, अहिले रेशम चौधरीको जन्मकैदको सजाय माफ गर्नेजस्तो अभ्यासले राज्य नै 'अपराधी संरक्षक' हुन पुग्छ । राज्यको मूल दायित्व नागरिकको जीउधनको रक्षा गर्नु हो । कुनै कारणवश नागरिकको जीउधनको क्षति भएमा दोषीलाई कानुनअनुसार सजाय दिलाउने र पीडितलाई सहायता दिने राज्यको कर्तव्य हो । मूलत: राज्यको आवश्यकता र अस्तित्वको औचित्य यसैमा निर्भर हुन्छ । यस कर्तव्यमा चुक्यो भने राज्य पीडकको हातमा पुग्छ भन्ने चेतावनी पनि न्यायाधीशले गरेका छन् ।

चौथो, 'राजनीतिक आवरणमा कसुर दारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिंदा फौजदारी न्याय मर्छ' भनेर स्पष्ट शब्दमा लेखिएको छ- 'वस्तुत: अपराध जसले गरे पनि अपराध नै हो । फौजदारी कानुनले व्यक्ति, पद वा उसको हैसियतलाई चिन्दैन ।' विधिको शासनको मूल सिद्धान्त पनि यही त हो । संविधानमा कानुनका अगाडि सबै समान हुन्छन् लेखिनुको तात्पर्य पनि त्यही हो ।

यस्ता अरू पनि थुप्रै महत्त्वपूर्ण बुँदा संयुक्त इजलासको फैसलामा छन् । दुर्भाग्य, सरकारले संवैधानिक व्यवस्थाको आडमा गरेको सिफारियसमा राष्ट्रपति रामचन्द्र पौडेलले रेशम चौधरीको सजाय माफ गरिसकेका छन् । अब सच्याउने उपाय के होला र ?

फैसलाको पूर्णपाठ बेलैमा आएको भए केही हुन्थ्यो कि ? जेहोस्, अहिलेको सरकार सर्वोच्च अदालतको फैसलाअनुसार प्रकारान्तरले 'अपराधीको संरक्षक' सिद्ध भएको छ । भदौ ७ को काली दिनभन्दा केही पहिले टीकापुर गएर उत्तेजक भाषण गरेर हिंसा दुरुत्साहित गर्नेहरूमाथि पनि कारबाही हुनुपर्थ्यो । कुनै सरोकारवाला वा कानुन व्यवसायीले यसमा पहल गरे हुने हो । अनिमात्र यो फैसला वास्तवमै कोसेढुंगा हुनेछ ।

देशलाई साँच्चै नै लोकतान्त्रिक बनाउने हो भने यस्ता विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ । दुर्भाग्य, अहिले सरकारको नेतृत्वलगायत धेरै राजनीतिक नेताहरू कुनै न कुनै दिन कानुनको फन्दामा पर्नसक्ने जोखिममा छन् र उनीहरूलाई 'क्षमादान'को कवच अपरिहार्यजस्तो छ । कर्णको जस्तो यो कवच उतार्ने इन्द्र पो कता होलान् ?

(साभार: बाह्रखरी)

शिक्षक अभाव : दीर्घकालीन रोग

✍ देवीराम आचार्य

साउन २ गते कान्तिपुरमा प्रकाशित दसपटकसम्म विज्ञापन गर्दा पनि गणित विषयको शिक्षक नपाइएको शीर्षकको समाचारले सरोकार वालाहरूको ध्यान खिच्यो । गाउँका विद्यालयहरूमा शिक्षक अभावको यस्तो कथा धेरै पहिलेदेखिकै हो ।

महालेखापरीक्षकको २०४० सालको प्रतिवेदनमा गणित र विज्ञान शिक्षकको अभावलाई शिक्षा क्षेत्रको समस्याका रूपमा उल्लेख गरिएको थियो । गणित र विज्ञान विषयका शिक्षकको अभाव ४० वर्षसम्म पनि उस्तै गरी देखिएको छ । विज्ञान शिक्षकलाई तालिम दिन विज्ञान शिक्षा परियोजना र गणितलाई रुचिकर बनाई यसमा विद्यार्थी बढाउन यूएसएआईडीको सहयोगमा अर्को परियोजना सञ्चालित भएका थिए । तर पनि शिक्षक तयारी, विकास र हरेक वर्ष कति शिक्षक आवश्यक पर्छ भन्ने प्रक्षेपण गर्ने संस्कार र पद्धति विकास नहुँदा ४० वर्षसम्म पनि गणित र विज्ञानका शिक्षकको अभाव भइरहेकै छ । शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरूबाट हुने गरेको छ तर त्यो पूर्ण छैन र गुणस्तरीय पनि हुन सकेको छैन । विश्वविद्यालयमा शिक्षाशास्त्रका विषयहरू पढाइन्छन्, ती विषय पढेका विद्यार्थीले अध्यापन अनुमतिपत्रको परीक्षा दिन्छन्, तिनीहरू नै शिक्षक छनोट परीक्षामा सहभागी हुन्छन् र शिक्षक बन्छन् । गाउँपालिका वा विद्यालयहरूमा पनि अध्यापन अनुमतिपत्र भएका व्यक्तिहरू अस्थायी, करार, राहत, संघीय अनुदान, प्रदेश अनुदान, पालिका शिक्षक, स्वयंसेवक जस्ता विभिन्न नाममा शिक्षक बन्छन् ।

विश्वविद्यालय अनुदान आयोगको पछिल्लो प्रतिवेदन अनुसार देशभरका १,४४० उच्च शिक्षाका शैक्षिक संस्थामध्ये ५६३ मा शिक्षाशास्त्रको अध्यापन हुने गर्छ । उच्च शिक्षामा अध्ययनरत जम्मा विद्यार्थीमध्ये २२.१८ प्रतिशतले शिक्षाशास्त्रको अध्ययन गर्छन् र तीमध्ये ६३ प्रतिशत छात्रा छन् । शिक्षाशास्त्र संकाय अध्ययन गर्नेहरू मात्र शिक्षक बन्न पाउने प्रावधान छ । केही तोकिएका विषयमा शिक्षाशास्त्र अध्ययन नगरे पनि अध्यापन अनुमतिपत्रको परीक्षा दिन पाइए पनि शिक्षाशास्त्र संकाय अनिवार्य अध्ययन गर्नुपर्ने व्यवस्था छ । त्रिविमा सबैभन्दा कम विद्यार्थी उत्तीर्ण हुने संकायमा शिक्षा पर्छ । यसको उत्तीर्णदर २०७५ मा १६ प्रतिशत मात्र थियो । संकायकै गुणस्तर कमजोर भएको, शिक्षाशास्त्र संकायमा कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थी भर्ना हुने गरेको, अधिकांश ग्रामीण क्षेत्रमा शिक्षाशास्त्रको पढाइ भइरहेको जस्ता कारणले अब्बल शिक्षक उत्पादन हुन सकेका छैनन् । गत वर्ष शिक्षक सेवा आयोगले स्थायी शिक्षकका लागि गरेको विज्ञापनमा तीनै तहमा गरी ३,९६१ पदमा पदपूर्ति हुन सकेन । स्थायी पदमा समेत शिक्षक पदपूर्ति हुन नसकिरहेको अवस्थामा खासखास विषयमा शिक्षक नपाइनु स्वाभाविक पनि हुन सक्छ ।

दस पटकसम्म विज्ञापन गर्दा पनि शिक्षक नपाइएको, ४० वर्षअगाडिदेखि नै निरन्तर रूपमा त्यही समस्या देखिइरहेको र स्थायी शिक्षकको समेत पदपूर्ति नभइरहेको पृष्ठभूमिमा गणित र विज्ञान विषयको शिक्षक तयारीका सन्दर्भमा फरक र नयाँ अभ्यासहरूको अवलम्बन गर्नु जरुरी छ । गणित र विज्ञान विषयका शिक्षकको अभावका सन्दर्भमा हेर्दा, माध्यमिक तहबाट उच्च शिक्षामा गणित र विज्ञान विषयको अध्ययन गर्ने विद्यार्थीको संख्या तथा माध्यमिक तहमा विज्ञान र गणित विषय पढ्नका लागि योग्यतासहित उत्तीर्ण हुने विद्यार्थी संख्या अझ महत्त्वपूर्ण हुन्छ । गत महिना मात्र प्रकाशित एसईईको नतिजामा सबैभन्दा धेरै विद्यार्थी गणितमा कमजोर पाइए । जम्मा परीक्षार्थीमध्ये ३३ प्रतिशत विद्यार्थीको ई ग्रेड आएको छ । परीक्षामा २० भन्दा कम अंक प्राप्त भएमा ई ग्रेड दिने गरिन्छ । यसरी हेर्दा गणितमा अरू १० प्रतिशत विद्यार्थीको डी ग्रेड र १२ प्रतिशतको डी प्लस ग्रेड आएको छ । जम्मा परीक्षार्थीमध्ये गणित विषयमा ५५ प्रतिशतको सिकाइस्तर ग्राह्य अवस्थाको देखिन्छ । विद्यार्थीको राष्ट्रिय सिकाइ उपलब्धि परीक्षणको नतिजाले समग्रमा करिब ७० प्रतिशत विद्यार्थीले कक्षामा सिक्नुपर्ने न्यूनतम सिकाइस्तर हासिल नगरेको देखाएको छ । कक्षा ३ पूरा गरेर ४ मा जाने

५० प्रतिशत विद्यार्थीमा संख्याको ज्ञानै भएको हुँदैन । ललितपुरको एउटा गाउँपालिकाका १६ विद्यालयका कक्षा ३ का १३७ विद्यार्थीमा गरिएको परीक्षणमा (१३५ लाई एक सय पैंतीस भनेर) पहिचान गर्न सक्ने विद्यार्थी ४१ जना मात्र थिए । कक्षा ५ मा पुगेका ६० प्रतिशतभन्दा धेरै विद्यार्थीले गणितका आधारभूत ज्ञान जोड, घटाउ, गुणन र भागका सीपहरू सिकेका हुँदैनन्, जसले गर्दा माथिल्ला कक्षाहरूमा गणित सिक्न सक्दैनन् ।

राष्ट्रिय परीक्षा बोर्ड अनुसार, कक्षा ११ मा भर्ना हुनका लागि समग्रमा जीपीए १.६ भए पुग्छ । यद्यपि विद्यार्थीले आफ्नो सिकाइस्तर को मूल्यांकन आफैले गरेरै कुन विषय पढ्ने वा नपढ्ने रोज्ने हुनाले सामान्यतया ५० भन्दा कम अंक ल्याउने विद्यार्थीले गणित विषय पढ्ने सम्भावना ज्यादै कम हुन्छ । खास कारणले परीक्षा बिग्रिएका केही विद्यार्थीले पढ्लान् । यस अर्थमा यो वर्ष ४५ प्रतिशत विद्यार्थी प्रतिशत पढ्न योग्य छन् तर तीमध्ये कतिले गणित वा विज्ञान पढ्लान् ? तथ्यांक सार्वजनिक भएको छैन तथापि तीमध्ये कति सामुदायिकबाट होलान् ? र, कति विद्यार्थी शिक्षण पेसाका लागि तयार भई शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र लिएर शिक्षक बन्न तयार होलान् । अहिले २०८० मा विद्यालयमा गणित र विज्ञान विषयका शिक्षक उपलब्ध हुन सकेनन् भने २०८१ मा चाहिँ होलान् ? त्यस्तो आधार पाइँदैन । कक्षा १० को कमजोर सिकाइस्तर भएका विद्यार्थीहरूले विज्ञान, गणित र अंग्रेजी विषय अध्ययन गर्दैनन् । परीक्षामा अंक जेजति आए पनि कुनै विषयमा आफ्नो सिकाइस्तर कति छ र त्यो विषयको रुचि कस्तो छ, विद्यार्थी आफैले छनोट गर्छन् । विद्यालय तहको कमजोर सिकाइ अवस्थाले उच्च शिक्षामा प्राविधिक विषय पढ्ने विद्यार्थी प्रतिशत घटिरहेको छ र साधारण शिक्षामा बढिरहेको छ । तीन वर्षयता प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थीको संख्या २३ प्रतिशतबाट घटेर २० मा पुगेको छ ।

शिक्षक तयारी कोर्स बीएडमा गणित र विज्ञान पढ्ने विद्यार्थी एकदमै कम छन् र क्रमश: घटिरहेका छन् । बीएडमा गणित र विज्ञान पढ्नका लागि कक्षा ११ र १२ मा गणित वा विज्ञान पढेकै हुनुपर्छ र त्यसका लागि विद्यालयमा राम्रो सिकाइ भएको पनि हुनुपर्छ । कक्षा ११ र १२ मा गणित र विज्ञान पढ्ने विद्यार्थी पनि एकदमै कम छन् र क्रमश: घटिरहेका छन् । कक्षा ११ र १२ मा गणित र विज्ञान पढ्ने निजी विद्यालयका सहरकेन्द्रित विद्यार्थी मेडिकल तथा इन्जिनियरिङतर्फ जान्छन् र त्यो भएन भने उनीहरूको लक्ष्य विदेश हुन्छ । विद्यार्थीहरू विदेश जाने सावलमा अर्कै बहस होला तर आजका दिनमा गणित र विज्ञान पढेका, सहरी क्षेत्रका, मध्यमवर्गीय परिवारका युवायुवती नेपालमा बस्न चाहँदैनन् ।

ग्रामीण क्षेत्रका केही पालिकाले डाक्टरी र इन्जिनियरिङ पढाउने घोषणा गरिरहेका छन् । तर त्यस्ता पालिकाका विद्यालयहरूबाट कति विद्यार्थीले डाक्टरी र इन्जिनियरिङ पढ्न सक्ने त्याकर राखेर विद्यालय उत्तीर्ण गर्छन् ? त्यो भन्दा महत्त्वपूर्ण, विद्यालय तहको शिक्षण सिकाइमा सुधार गरेर अब्बल विद्यार्थी बनाउन सकियो भने उसलाई पढ्न पालिकाले खर्च गर्न नपर्ला र छात्रवृत्तिमै पढ्न पाउला । यदि दीर्घकालीन दृष्टिबाट हेर्ने हो भने अहिले पालिकाहरूले विद्यालयमा गणित र विज्ञानका राम्रा शिक्षक तयार गर्नतर्फ लगानी गर्नु उपयुक्त हुन्छ, तात्कालिक वर्षपछि डाक्टरी र इन्जिनियरिङ पढ्ने धेरै विद्यार्थी तयार हुन सकून् ।

शिक्षक व्यवस्थापन हाम्रो शिक्षा प्रणालीको दीर्घरोग नै भएको छ । शिक्षक तयारी, विकास र व्यवस्थापनका पक्षमा संवेदनशील हुन सकिएको छैन । कतै विद्यार्थी छन् त शिक्षक छैनन्, कतै शिक्षक छन् त विद्यार्थी छैनन् । सहरी क्षेत्रमा शिक्षक अभाव छैन तर ग्रामीण क्षेत्रमा शिक्षक नै पाइँदैनन् र पाइएका शिक्षक पनि लामो समय बस्दैनन् । गुणस्तरीय शिक्षकबाट सिक्ने अधिकारको प्रत्याभूति हुन सकेको छैन । शिक्षक तयारी, शिक्षक विकास, शिक्षक व्यवस्थापनका परम्परागत ढाँचामा परिवर्तन जरुरी छ । सूचना प्रविधिका कारण शिक्षक व्यवस्थापनलाई नयाँ ढाँचाबाट विकास गर्न सकिने अवसर छ । पालिकाहरूले अब बहुविद्यालय शिक्षक, मुख्य शिक्षक र सहायक शिक्षक, प्रविधि शिक्षकजस्ता अवधारणाहरूबाट शिक्षक व्यवस्थापन रणनीति तय गरी शिक्षक व्यवस्थापन गर्न सक्छन् । शिक्षाबाहेक अन्य संकाय अध्ययन गरेका व्यक्तिहरूलाई पनि अवसर दिन र केही छोटो समयका सघन कोर्सहरू सञ्चालन गर्न सकिन्छ । पालिका तहबाटै शिक्षक तयारी र विकासमा लगानी सुरु गर्न सकियो भने अबका पाँच वर्षमा शिक्षक आपूर्ति सहज हुनेछ । अन्यथा यसरी नै अरू ४० वर्षसम्म पनि शिक्षक नपाइने अवस्था रहन सक्छ ।

(साभार: ई-कान्तिपुर)

पर्यटन बोर्डको खर्चमा भूगोलसम्बन्धी सम्मेलन, आम्दानी जापानमा जम्मा हुने

काठमाडौं/नेपालको सांस्कृतिक र प्राकृतिक पर्यटनको राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गर्ने उद्देश्यसहित नेपाल पर्यटन बोर्डको स्थापना भएको हो । तर, बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) धनञ्जय रेग्मीले बोर्डको बजेट खर्च गरेर आफ्नो निजी स्वार्थको भूगोलसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको खुलेको छ ।

सीईओ रेग्मीले बोर्डको खर्चमा दोस्रो दिगो हिमाल विकास सम्मेलन (सेकेन्ड इन्टरनेशनल सस्टेनेबल माउन्टेन डेभलपमेन्ट कन्फरेन्स) आयोजना गर्न लागेका हुन् । यो सम्मेलन पर्यटनसँग सम्बन्धित होइन, भूगोलसम्बन्धी हो । सम्मेलनमा सहभागीहरु सबैजसो भूगोलसँग सम्बन्धित प्राध्यापक तथा अनुसन्धानकर्ताहरु छन् । सम्मेलनमा पर्यटनसँग सम्बन्धित १/२ बाहेक कुनै पनि गतिविधि हुँदैनन् । तर, आफ्नो निजी कम्पनीले अनुसन्धान गरिरहेको क्षेत्र भूगोलसम्बन्धी सम्मेलन बोर्डको खर्चमा गराउन सीईओ रेग्मी लागेका छन् ।

सम्मेलनमा जिओडाइभर्सिटी एन्ड कनेक्टिभिटी इन माउन्टेन रिभर्स, वाटर रिसोर्सेस एन्ड माउन्टेन सस्टेनेबिलिटी, हाइड्रोलोजी एन्ड वाटर रिसोर्सेस म्यानेजमेन्ट, प्रोमोटिङ सस्टेनेबल माउन्टेन डेभलपमेन्ट एमिड्स्ट क्लाइमेट चेन्ज एन्ड हाइड्रोलोजिकल च्यालेन्जेज, माउन्टेट हाजार्ड रिस्क एन्ड एडप्टेसन्सलगायतका सेसनहरु छन् । सम्मेलनमा पर्यटनलाई जोडिएका जिओकन्जर्भेसन, जिओपार्क एन्ड जिओट्रेरिजम तथा इकोट्रेरिजम सम्बन्धी सेसन पनि डिजाइन गरिएको छ ।

सीईओ रेग्मीले यसअघि पनि बोर्डकै खर्चमा गत डिसेम्बरमा चन्द्रागिरीमा इन्टरनेशनल सस्टेनेबल माउन्टेन डेभलपमेन्ट कन्फरेन्स गरिसकेका छन् । असम्बन्धित विषयमा बोर्डले सम्मेलन आयोजना गरेको भन्दै ९ महिनासम्म त्यही कार्यक्रमको भुक्तानी हुन सकेको छैन ।

तर, बोर्ड सीईओ रेग्मी भने त्यही शृंखलाको दोस्रो सम्मेलन आयोजना गर्ने तयारीमा लागेका हुन् । आफ्नोसहित पर्यटन बोर्डका कर्मचारीहरु समेतको आयोजक समिति बनाएर उनले सम्मेलन आयोजनाको अन्तिम तयारी गरिरहेका हुन् ।

सम्मेलनमा सहभागी हुन यसअघि ७ जुलाई २०२३ मा नै पर्यटन बोर्डको वेबसाइटमा सार्वजनिक आह्वान गरिएको थियो ।

तर, बोर्डको बजेट नै पारित नभई बोर्डले यति ठूलो सम्मेलनको आयोजक कसरी बन्न सक्यो भनेर पर्यटन मन्त्रालयले प्रश्न उठाएपछि वेबसाइटबाट सो सूचना हटाएका छन् । हाल त्यसका लागि छुट्टै वेबसाइट बनाइएको छ ।

साथै, सुरुको सूचनामा बोर्डको नाम आयोजकमा रहेकोमा पछि परिवर्तन गरी 'होस्ट' बनाएका छन् । बोर्डको वेबसाइटमा भने गत वर्ष आयोजना भएको पहिलो सम्मेलनबारेको जानकारी मात्रै राखिएको छ ।

यसपटक ६-७ अक्टोबर २०२३ मा पोखराको ग्रान्ड होटलमा सम्मेलन आयोजना हुने वेबसाइटमा उल्लेख छ । सम्मेलनको कन्भेनरमा सीईओ रेग्मीको नाम समेत छ । त्यस्तै, आयोजक समितिमा पर्यटन बोर्डका पाँच जना कर्मचारीको नाम छ ।

कार्यक्रमको आयोजकमा जापानको होकाइदो युनिभर्सिटी, युनिभर्सिटी अफ कोलोराडो, बोल्डर, जीएलपी जापान नोडल अफिस भनेर राखिएको छ । त्यस्तै, पर्यटन बोर्डसँगै पोखरा उपमहानगरपालिकालाई पनि होस्टका रुपमा राखिएको छ । जिओमोर्फिकल सोसाइटी अफ नेपाललाई सहयोगी संस्थाका रुपमा राखिएको छ ।

रेग्मीले होकाइदो विश्व विद्यालयबाट पीएचडी गरेका हुन् भने जीएलपी जापान नोडल अफिसमा पोस्ट डक्टरल रिसर्च फेलोका रुपमा काम गरेका थिए । आफैले विगतमा पढेको र काम गरेको संस्थालाई आयोजकमा राखेर पर्यटनसँग असम्बन्धित सम्मेलनमा रेग्मीले बोर्डको पैसा खर्च गराउने योजना बनाएका छन् ।

विभिन्न क्षेत्रका यस्ता सम्मेलन आयोजना हुँदा पर्यटन बोर्डले सहजीकरण गर्ने गरेकोमा असम्बन्धित विषयमा यति ठूलो सम्मेलन आफ्नै खर्चमा गर्नु अचम्म लाग्दो विषय भएको बोर्डकै एक उच्च अधिकारी बताउँछन् ।

'यस्ता सम्मेलनमा कोही सेलिब्रिटीलाई बाहिरबाट ल्याउनुपर्‍यो, सम्मेलनको कुनै भागमा सहयोग गर्नुपर्‍यो भने त्यसो गर्ने प्रचलन छ, तर पर्यटनसँग कुनै सम्बन्ध नभएको सम्मेलन आफैं आयोजना गरेर सरकारी पैसा दुरुपयोग भएको भने थिएन,' उनले भने ।

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत रेग्मी भने नेपालको हिमाल जोगाउनुपर्ने दायित्व बोर्डको पनि भएकाले यस्तो सम्मेलन आयोजना भएको दाबी गर्छन् । 'हरेक वर्ष हिउँ पहिरोबाट हिमाल आरोहीको मृत्यु भइरहेको छ, हालै कागबेनी खोलामा बाढी आएर वस्ती नै बगायो, यस्तो किन हुन्छ भनेर पत्ता लगाउनुपर्‍यो नि ?,' उनले भने । तर, त्यस्तो काम गर्ने विशेषज्ञता र जिम्मेवारी जलवायु वा भूगर्भसँग काम गरिरहेका संस्थाको हुनुपर्ने हो नि भन्ने प्रश्नमा उनले पर्यटन बोर्डले पनि यो काम गर्नुपर्ने स्पष्टीकरण दिए ।

माइस टुरिजमलाई प्रवर्द्धन गर्न पनि सम्मेलन आयोजना गरिएको उनको दाबी छ ।

खर्च बोर्डले गर्ने, रजिष्ट्रेसनको शुल्क चाहिं जापानमा जम्मा हुने

भूगोलसम्बन्धी यो सम्मेलन पर्यटन बोर्डकै खर्चमा आयोजना हुँदै छ । तर, सम्मेलनमा सहभागी हुने अन्तर्राष्ट्रिय सहभागीहरुसँग वर्गअनुसार अधिकतम १ सय ८० डलरसम्म उठाइएको छ ।

सामान्य विदेशीहरुले सहभागीले १ सय ८० तिर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै, विदेशी विद्यार्थी र पोस्टडक्टरलहरुले सम्मेलनमा सहभागी हुन १ सय ३० डलर तिर्नुपर्ने छ भने सार्क मुलुकका नागरिकलाई भने ५० डलर तोकिएको छ ।

रजिष्ट्रेसनसम्बन्धी काम गर्नका लागि पर्यटन बोर्डले एक जना कर्मचारी नै तोकेको छ । तर, सम्मेलनको साइटमा गएर रजिष्ट्रेसन गर्न खोज्दा त्यो जीएलपी एसिया कन्फरेन्सको साइटमा जोडिन्छ । यी दुवै साइटहरु जापानमा दर्ता छन् । यी दुवैमा यो सम्मेलनबाहेक अन्य कुनै पनि जानकारी राखिएको छैन । त्यसो हुँदा यी दुवै साइटहरु यही सम्मेलनबारे जानकारी दिन र पैसा उठाउन बनाइएको स्पष्ट हुन्छ । यसरी सहभागीले गर्ने पैसा जापानमा जम्मा गरिने चाँजोपाँजो रेग्मीले मिलाएको देखिन्छ ।

तामझामका साथ आयोजना गर्न जापानमा पैसा उठाइएको सम्मेलनको लागि कार्यपत्रको सारांश पठाउने इमेल भने मेतीलाल घिमिरेको निजी इमेल दिइएको छ । त्रिभुवन विश्वविद्यालयको भूगोल विभागका सहप्राध्यापक घिमिरे सीईओ रेग्मीका नजिकका व्यक्ति हुन् ।

पहिलो सम्मेलनलाई २० लाख भुक्तानी भएछ

बोर्डले २०७९ मंसिर १५ देखि १७ मा काठमाडौंको चन्द्रागिरिमा पहिलो सम्मेलन गरेको थियो । सो सम्मेलनमा पर्यटन बोर्डले २० लाख रुपैयाँ खर्च गरेको थियो ।

पर्यटन बोर्डको मुख्य कार्य क्षेत्रभन्दा बाहिर गएर त्यो कार्यक्रम गरिएको भन्दै त्यो सम्मेलनका बारेमा विरोध भएको थियो । विवादका कारण सो सम्मेलनको भुक्तानी पनि हालसम्म हुन सकेको छैन । नौ महिनाअघि भएको सम्मेलनको भुक्तानी हालसम्म पनि नभएको विषयमा सोध्दा बोर्डका सीईओ धनञ्जय रेग्मीले त्यस विषयमा लेखा शाखासँग बुझ्नु भन्ने जवाफ दिए ।

सलोन र केकीलाई 'जय हो' सन्तानजस्तै

काठमाडौं/भदौ ८

गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जय हो'लाई लिएर यदि कसैको सबैभन्दा ठूलो आशा छ भने त्यो सलोन बल्क्ट र केकी अधिकारीलाई छ । यो फिल्म व्यावसायिक रुपमा सफल मैदिए दुवैको करिअरले नयाँ काँचुली फेर्नेछ । फिल्म नै उनीहरुले निर्वाह गरेको चरित्रमा केन्द्रित छ । त्यसैले प्रचारमा दुवै गजबले खटिरहेका छन् । फिल्ममा उनीहरु जोडीको रुपमा प्रस्तुत छन् ।

सलोन र केकीले 'जय हो'लाई सन्तानको रुपमा लिएकाछन् । सलोन त स्क्रिप्ट लेखनको चरणदेखि नै फिल्ममा संलग्न रहेका थिए । फोटोग्राफरको भूमिका निर्वाह गर्न उनले फोटोग्राफी तालिम समेत सिके । कपाल लामो बनाउन महिनौं घरबाट बाहिर निस्किएनन् । शरीर बनाउन उनले १० महिना मिहिनेत गरे । सलोन पहिलो पटक कुनै फिल्मका लागि यो हदसम्म दत्तचित्त भएर लागेका हुन् ।

आइतबार मुन्द्रको कमेडी क्लबमा अतिथिको रुपमा सहभागी हुने क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले फिल्मबारे भने, 'मेरो लागि एकदमै महत्त्वपूर्ण छ यो फिल्म । म स्क्रिप्टको चरणदेखि फिल्ममा संलग्न छु । आफूले सकेको मिहिनेत गरेको छु । भोलिका दिनमा यो फिल्म व्यावसायिक रुपमा कसरी जान्छ थाहा छैन । तर, मेरो लागि यो फिल्म सधैंभरि एकदमै प्यारो चीज बनेर बस्छ ।'

केकीलाई फिल्मको छायांकनको बेला अभिनेत्री निशा अधिकारीले 'आफू आबद्ध भएको हरेक फिल्म सन्तान जस्तो लाग्छ जबसम्म आफ्नो सन्तान हुँदैन' भनेर भनेकी थिइन् ।

'जय हो'मा आफू पनि एकदमै संलग्न भएर काम गरेकाले उनी यो फिल्मलाई सन्तानको रुपमा ब्याह्य गर्छिन् । उनले आफ्नो 'चाइल्ड स्टार' सलोनसँग पहिलो पटक साथमा काम गर्न पाएकोमा खुसी व्यक्त गरेकी छन् ।

'वडा नम्बर ६'को सिक्वेल बन्ने

काठमाडौं/दीपकराज गिरी र दीपाश्री निरौलाको समुहले 'छक्का पञ्जा'पछि अब सुपरहिट फिल्म 'वडा नम्बर ६'को सिक्वेल निर्माण गर्ने भएको छ । दीपाश्री निरौलाले निर्देशन गर्ने फिल्मको अहिले स्क्रिप्ट लेखनको काम चैरहेको छ । 'वडा नम्बर ६'को कथाको निरन्तरताको रुपमा फिल्म बन्ने जनाइएको छ । आगामी मंसिरबाट छायांकन सुरु हुने फिल्मलाई आगामी नयाँ वर्षमा रिलिज गरिने तयारी छ ।

२०७२ सालमा सार्वजनिक प्रदर्शनमा आएको उज्जवल घिमिरे निर्देशित 'वडा नम्बर ६'मा दीपकराज गिरी, केदार घिमिरे, सीताराम कट्टेल, दयाहाङ राई, प्रियंका कार्की, जितु नेपालको अभिनय थियो । समीक्षा पनि राम्रो पाएको यो फिल्म माओवादी जनयुद्धको पृष्ठभूमिमा तयार थियो । सिक्वेलको स्क्रिप्ट दीपकराजले लेखिरहेका छन् । उनले थप दुई फिल्मको समेत स्क्रिप्ट लेखिरहेका छन् ।

निर्माता सरोज चौपानेको निर्माण र हेमराज विसीको निर्देशनमा बन्ने एक फिल्ममा पनि दीपकराज समुहले सहकार्य गर्दैछ । त्यस्तै, दिनेश राउतले निर्देशन र रोहित अधिकारीले निर्माण गर्ने फिल्ममा पनि दीपकराज समुह जोडिने सम्भावना छ । फिल्म निर्माणसँगै दीपकराज समुहले सिनेमा हल पनि सञ्चालन गर्दैछ । नयाँ बानेश्वरमा सञ्चालनमा आउन लागेको हलको चाँडै उद्घाटन गरिँदैछ ।

सुन तस्करीको छानबिनका लागि उच्चस्तरीय समिति बनाउन सरकार तयार

काठमाडौं/सुन तस्करीको छानबिनका लागि उच्चस्तरीय समिति बनाउन सरकार तयार देखिएको छ । छानबिन समितिको कार्यादेशबारे गृहकार्य गर्न तीन नेतालाई जिम्मेवारी दिइएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार बोलाएको बैठकमा सुन तस्करीबारे छलफलका लागि उच्चस्तरीय समिति बनाउन सत्तारुढ दलहरु सहमत भएका हुन् ।

एमालेको माग सम्बोधन गर्नका लागि प्रधानमन्त्री तयार भएसँगै संसद अवरोध हट्ने निश्चित जस्तै छ । उच्च अदालतका न्यायाधीश प्रमुख रहने गरी जाँचबुझ आयोग ऐन २०२६ बमोजिम उक्त आयोग गठन हुने छ । सरकारी वकिल लगायत त्यसका सदस्य रहनेछन् । एमाले उपाध्यक्ष सुवास नेम्वाङका अनुसार मन्त्रिपरिषद बैठकले त्यसको कार्यविधि पारित गर्नेछ ।

'खुलेरै छलफल भयो । प्रधानमन्त्रीले हाम्रा सरोकार सम्बोधन गर्नेगरी कुरा राख्नुभयो,' नेम्वाङले भने, 'सुनकाण्ड छानबिनमा देखिएका समस्याका कारण यो प्रकरण नै प्रश्नका रुपमा रहँदै आएको थियो । दलहरु यसमा एउटा निष्कर्षमा पुगेका छन् भन्ने मैले ठानेको छु ।'

उच्चस्तरीय छानबिनको माग गर्दै एमालेले १० साउनदेखि संसद बैठक अवरुद्ध पार्दै आएको छ । सरकारले भने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले छानबिन गरिरहेकाले अर्को समिति बनाउनु नपर्ने तर्क गर्दै आएको थियो ।

एमाले प्रमुख सचेतक पदम गिरी भन्छन्, तस्करीको विषयमा उच्चस्तरीय छानबिन समिति बन्नुपर्छ भन्ने मत हामीले आज पनि राख्यौं । सरकारको तर्फबाट पनि उच्चस्तरीय छानबिन समिति बनाउन हामी पनि तयार नै छौं भन्ने आएको छ ।'

सीआईबीले गरिरहेको अनुसन्धानलाई अवरोध नगर्ने गरी छानबिन समिति बनाउन लागेको दाबी दलहरुले गरेका छन् । एमाले प्रमुख सचेतक गिरी सीआईबीको छानबिनमा क्रमभा कुनै कमी भए नभएको हेर्नुका साथै तस्करी रोक्न कानुनी र संरचनागत सुधारका लागि चालनुपर्ने कामबारे अध्ययन गर्न उच्चस्तरीय छानबिन समिति बनाउनुपर्नेमा आफूहरु प्रष्ट रहेको बताउँछन् ।

उनका अनुसार छानबिन समिति बनाउन दलहरु सहमत भएपनि त्यस्तो समितिको कार्यदिश के हुने भन्ने टुंगो लागेको छैन । यसको मस्यौदा तयार पार्न एमालेका सुवासचन्द्र नेम्वाङ, कांग्रेसका रमेश लेखक र माओवादी केन्द्रका हितराज पाण्डेलाई भोलि ११ बजेसम्म समय दिइएको छ ।

एमाले प्रमुख सचेतक गिरीका अनुसार भोलि २ बजे शीर्ष नेताहरुको बैठक बस्ने सहमति भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले पनि पनि भोलिको बैठकले सहमति जुटाउने र सदनको अवरोध हट्ने विश्वास व्यक्त गरे ।

आत्रोशित देउवा-ओली, **संयमित गृहमन्त्री**

बैठक समझदारीमा पुगे पनि सुख्यात तित्रिताबाट भएको थियो । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली दुवैले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई अनुसन्धान टुंगोमा पुर्याउन खोज्नु साटो आफू हिरो हुन खोजेको भन्दै आलोचना गरेका थिए । देउवाले गृह प्रशासनले निष्पक्ष काम गर्नु साटो छानबिन क्रमभा टर्चर दिने काम भएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।'सरकारलाई हो सबैले विश्वास गर्ने । यस्तो तालले कसरी हुन्छ विश्वास', देउवाले गृहमन्त्रीलाई सोधेका थिए ।

एमाले अध्यक्ष ओलीले देउवाकै शैलीमा छानबिनमा पक्षपात गरेको भन्दै श्रेष्ठसँग कडिकएका थिए । उनले काण्डमा नाम जोडिएका माओवादी नेता कहिले समातिन्छन् भनेर श्रेष्ठलाई सोधेका थिए । उनले भने, 'एयरपोर्टमा सुन तस्करी भएको भयै रहेछ । समातेको सुन पनि घटेको घटेकै छ । तपाई खुब बहादुरी गरेर बस्नुभएको छ ।'

गृहमन्त्रीले भने सिआइबीको मनोबल गिर्नेगरी कुनै अभिव्यक्ति नदिन नेताहरुलाई आग्रह गरेका थिए । उनले कुनै तलमाथि भएको भए पनि नियतवश नभएको भन्दै सरकारले सुशासनकै लागि प्रयास गरिररहेको भन्दै सहयोग मागेका थिए । स्रोतका अनुसार अब सिआइबीले २ साताभित्र आफ्नो काम टुंग्याउने छ । त्यसको भोलिपल्टदेखि जाँचबुझ आयोगले काम थाल्ने छ ।

(स्रोत: अनलाइनखबर)

कोशीमा संविधानमाथि सत्ता गठबन्धनको बलमिच्याइँ

काठमाडौं/प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरुको नाराबाजीबीच कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सोमबार विश्वासको मत लिएका छन् ।

विपक्षमा मत दिइसकेका सांसदहरुको नाराबाजीबीच कार्यकारी प्रमुखले विश्वासको मत लिएको संभवत: संसदीय अभ्यासमै यो दुर्लभ घटना हो । मुख्यमन्त्रीको विश्वासको मतसम्बन्धी प्रस्तावमा प्रदेशसभा सदस्यहरुले मत व्यक्त गरिसकेपछि अध्यक्षता गरिरहेका इन्द्रइल मन्सुरीले मत सच्याउने समय दिए ।

त्यो समय पनि सकिए पछि सभाको अध्यक्षता माओवादी केन्द्रकी प्रदेशसभा सदस्य गीता तिम्सिनालाई गर्न लगाएर आफू मत दिन गए । त्यसपछि एमाले सांसदहरुले हो-हल्ला र नाराबाजी गरेका थिए ।

तर नाराबाजी चलिरहँदै बेला आफ्नो मत समेत जोडेर मन्सुरीले थापाको पक्षमा ४७ र विपक्षमा ३० मत खसेको परिणाम सुनाए । बैठक चलिरहँदाको पृष्ठभूमि र दृष्य, संसदीय गणित, राजनीतिक समीकरण अनि परिणाम हेर्दा मन्सुरीले थापाकै पक्षमा मत दिएको लुकेन ।

९३ सदस्यीय प्रदेशसभामा सत्ता गठबन्धनका दलहरु नेपाली कांग्रेसतर्फ २९, माओवादी केन्द्रतर्फ १३, एकीकृत समाजवादीतर्फ चार र जसपातर्फ एक सांसद छन् । अर्थात् थापाले पाएको मत गठबन्धनमा आवद्ध सबै सांसद संख्याको योगफल हो ।

विपक्षी एमाले र राप्रपा भने मुख्यमन्त्री थापालाई जसरी पनि बहुमत पुऱ्याउन नदिने तयारीमा थिए । त्यसैले आइतबार मात्रै एमालेका सात र राप्रपाका एक जेष्ठ सांसदले विदा लिएका थिए । आइतबार ८ जना प्रदेशसभा सदस्यको विदा स्वीकृत गरेकी उपसभामुख सृजना दनुवार स्वास्थ्य समस्या देखाउँदै सोमबार आफैं काठमाडौं हिँडेकी थिइन् ।

तर काठमाडौं उड्नुअघि सांसद मन्सुरीले बैठकको अध्यक्षता गर्ने अधिकार दिइन् । सभामुखबाट माओवादी सांसद बाबुराम गौतमले राजीनामा दिइसकेको, एमालेबाट निर्वाचित उपसभामुख दनुवारसहित ज्येष्ठ आठ सांसद अनुपस्थित हुँदा मन्सुरील अध्यक्षता गर्नुपरेको थियो ।

अर्थात् अध्यक्षता गर्ने मन्सुरीलाई नगन्दा मुख्यमन्त्रीको पक्षमा ४६ सांसद थिए । तर सत्तालाई एक मात्र उद्देश्य बनाएको गठबन्धनले बैठकको अध्यक्षता गरिरहेका मन्सुरीलाई समेत मत दिन लगाएर बहुमत पुऱ्यायो ।

संविधानविद् बिपिन अधिकारी, कोशी प्रदेशमा सरकार बनाउन अपनाइएको शैली संविधान सम्मत नरहेको बताउँछन् । 'कानुनमा प्रत्यक्ष रुपमा जे काम गर्न पाइदैन भनेको हुन्छ, त्यो काम अप्रत्यक्ष रुपमा पनि गर्न पाइँदैन, उनी भन्छन् 'सभामुखले गर्न नपाउने काम सभामुखको भूमिकामा रहने व्यक्तिले पनि पाउँदैन ।'

गत ११ साउनमा मात्रै सर्वोच्च अदालतले थापाकै नेतृत्वमा सरकार बनाउन अपनाइएको प्रक्रियामा सभामुखको भूमिका असंवैधानिक भएको फैसला सुनाएको थियो । २१ असारमा बाबुराम गौतमले सभामुखको हैसियतमै थापालाई मुख्यमन्त्री बनाउन हस्ताक्षर गरेका थिए । त्यसबेला पनि सत्ता गठबन्धनले सभामुख समेतलाई जोडेर सांसद संख्या ४७ पुऱ्याएको थियो ।

तर तत्स्थ भूमिकामा र हुनुपर्ने सभामुखको संलग्नतामा बनेको सरकार बदर भएपछि पुन: गत १६ साउनमा थापा मुख्यमन्त्री नियुक्त भएका थिए । थापाले पुन: मुख्यमन्त्री नियुक्ति प्रक्रिया अगाडि बढाउँदा भने गौतमले सभामुख पदबाट राजीनामा दिएर दाबीपत्रमा हस्ताक्षर गरेका थिए । तर विपक्षी एमाले र राप्रपाको असहयोगका कारण सत्तारुढ दल कांग्रेसका सांसद मन्सुरील सोमबार पनि बैठक चलाउनुपऱ्यो ।

'लाइटर' नाममा फिल्म बन्दै

काठमाडौं/'लाइटर' नाममा फिल्म निर्माण हुने भएको छ । राजु गिरी र सरोज खनालको संयुक्त निर्देशनमा बन्न लागेको यो फिल्मको सोमबार एउटा थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको छ ।

पोस्टरको 'कलर टोन' तथा फ्रन्टले फिल्म एक्सन-थ्रिलर जनरामा बन्न लागेको प्रष्ट्याउँछ । पोस्टरमा बलिरहेको लाइटरलाई समेत अक्षरको रुपमा प्रयोग गरिएको छ, जुन कलात्मक देखिएको छ ।

खनाल एसके प्रोडक्सनको प्रस्तुतिमा बन्न लागेको फिल्मको यतिबेला प्रि-प्रोडक्सनको काम भैरहेको छ । आगामी मंसिर महिनाको दोस्रो साताबाट छायांकन सुरु हुन लागेको फिल्मका लागि हाल कलाकार छनोटको काम भैरहेको निर्देशक गिरीले जानकारी दिए । उनका अनुसार, केही दिनमा कलाकार तथा प्राविधिकको लाइनअप बन्नेछ । यही फिल्मबाट सरोजले निर्देशनमा डेब्यू गर्नेछन् ।

देवेन्द्र खनाल निर्माता रहेको 'लाइटर'मा मेघनाथ खनाल, बलराम बिष्ट, रचना केसी, सुमन गिरी, विजय विराज खत्री,तुलसा खनाल र रेमन्त वली सह-निर्माताको रुपमा छन् । निर्देशकको परिचय बनाउन लागेका सरोज खनालले एक दशकभन्दा लामो समयदेखि अष्ट्रेलियाको मेलवर्न शहरमा एसके फ्रेसको सञ्चालन गर्दै आएका छन् । उनी व्यवसायका साथै समाजसेवामा समेत सक्रिय छन् ।

'नाङ्गो गाउँ' ट्रेलरमा दयाहाङ र शिशिरबीच नंग्याउने खेल

काठमाडौं/आगामी भदौ २९ गतेबाट प्रदर्शनमा आउन लागेको दीपेन्द्र लामाद्वारा निर्देशित फिल्म 'नाङ्गो गाउँ'को ट्रेलर सार्वजनिक गरिएको छ ।

चार मिनेटको ट्रेलर पूरापूर राजनीतिक विषयमा केन्द्रित छ । चुनावी मैदानमा उत्रिएका पासाङ तामाङ (दयाहाङ राई) र जरी लामा (शिशिर वाइदेल)बीच चुनावमा हार्ने व्यक्तिले सर्वाङ्ग नाङ्गो भएर घर जानुपर्ने सर्त छ । र, दुवै चुनाव जित्ने रणनीतिमा छन् ।

शिक्षण पेशाबाट राजनीतिमा छिरेका दयाहाङ र राजनीतिलाई व्यवसाय बनाउँदै आइरहेका शिशिरबीचको राजनीतिक पौंठेजोरीमा फिल्म केन्द्रित रहेको ट्रेलरले संकेत गर्छ । ट्रेलरमा रोमान्स र कमेडीको चुस्की पनि छ । दयाहाङ राईको जोडी मिरना मगरसँग बाँधिएको छ । साम्राज्ञी आरएल शाहले शिशिरको छोरीको भूमिका निभाएकी छिन् । उनको प्रेमीको भूमिकामा कार्म शाक्य छन् ।

बुद्दि तामाङ, रविन्द्र झा, विशाल पहारी, राज थापा, कमलमणि नेपाल, अंकित खड्का, पुष्कर गुरुङ आदिको पनि अभिनय रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, एसडी योगी र दीपक शर्माको संगीत, बनिष शाहको सम्पादन छ । निर्देशक लामा स्वयंको कथा, पटकथा र संवाद लेखन रहेको फिल्मका निर्माता जय श्रेष्ठ, प्रस्तुतकर्ता हिमाल शर्मा र कार्यकारी निर्माता रामहरि श्रेष्ठ हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई दुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

बाँदरको हैरानीबाट बच्न अदुवाखेती

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरगढीका कृषकहरुले बाँदरको आतंकबाट हैरानी भएपछि पुनः अदुवा खेती थालेका छन् ।

करिब ६-७ वर्षअघिदेखि खेती लगाउन छोडेको अदुवा कृषकहरुले पुनः लगाउन सुरु गरेको मकवानपुर गढी गाउँपालिकाको कृषि प्राविधिक चन्द्रकान्त चौधरीले जानकारी दिए ।

गाउँपालिकाको कृषि शाखाले गाउँपालिकाको ५ नम्बर वडास्थित बुङदल स्कूलडाँडामा लगाइएको अदुवा खेतीको अवलोकन पनि गरेको छ । अवलोकनको क्रममा कृषकहरुले बाँदरको हैरानीबाट मुक्त हुन पनि अदुवा खेती लगाउन थालेको जानकारी गराएको कृषि प्राविधिक चौधरीले बताएका छन् । मकवानपुरगढी-५ बुङदल स्कुलडाँडाका ५८ वर्षीय कृषक बीरमान मोक्तानले करिब ७ वर्षपछि अदुवा खेती पुनः सुरु गरेका छन् ।

करिब ८-१० वर्ष अगाडि सावित्रि आमभञ्ज्याङ (हालको ५ र ६ नम्बर वडा) र मकवानपुरगढी गाविस (हालको १ देखि ४ नम्बर वडासम्म) अदुवा खेतीको पकेट क्षेत्रको रुपमा परिचित थियो । अदुवाबालीमा गानो कुहिने रोगका कारण किसानहरु अदुवा लगाउन छोडेर क्रमशः मकै, सिमीलगायत अन्य बालीहरु लगाउन थालेका थिए । हाल फेरि मकैलगायतका खेती छोडेर कृषकहरु अदुवा खेती गर्न थालेको कृषि प्राविधिक चौधरी बताउँछन् । नगदेबालीको रुपमा रहेको अदुवा खेतीबाट आम्दानी पनि राम्रो हुने गरेको स्थानीय कृषक मोक्तानले बताए । अदुवामा कुनै रोग नदेखिए किसानहरु धेरै नाफामा हुने उनको भनाई छ ।

'अहिले मकै सिमि लगाउँदा बाँदरले सखाप बनाउन थाल्यो बाँदरबाट बाली बचाउनको लागि ७-८ वर्षको अन्तरालमा यसवर्ष एक विघामा अदुवा लगाएको हुँ ।', मोक्तानले भने । मोक्तानले विगतमा ८० क्विन्टलसम्म अदुवा बिक्री गरेको सम्झिए । अगामी वर्ष थप क्षेत्रफल विस्तार गरेर अदुवा खेती गर्ने मोक्तानको लक्ष्य छ । फेरिपनि अदुवा कुहिने समस्या देखिनथालेको कृषक मोक्तानले बताएको कृषि प्राविधिक चौधरीको भनाई छ । अदुवा कुहिने समस्या देखिएपछि समाधानको उपायका लागि चौधरी मोक्तानको बारीमा अवलोकनका लागि पुगेका थिए ।

हाल मकवानपुरगढीका कृषकहरुले थोर-थोरै क्षेत्रफलमा मात्रै अदुवा खेती गरिरहेको चौधरीले जानकारी दिए । बाँदरको समस्याले गर्दा फेरि पनि अदुवा खेतीतर्फ फर्किनु पर्ने अवस्था आएको र पुरानै अदुवाको गानो कुहिने रोगको समस्या देखिएको चौधरीले बताए । अदुवाबाली अवलोकनको क्रममा गानो कुहिने रोग सुरुवात भएको देखिएकोले रोकथामको उपायहरुको बारेमा कृषकहरुलाई प्राविधिक सल्लाह सुझाव दिने कार्य गाउँपालिकाले गरिरहेको छ । कृषकहरुलाई कृषि व्यवसायका लागि अगामी दिनमा थप प्राविधिक सेवा उपलब्ध गराउने योजना निर्माणमा भूमिका खेल्ने चौधरीले बताए ।

मनहरीको राजश्व संकलन एक महिनामै १६ लाख

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरको मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को सुरुवातको साउन महिनामै करिब १६ लाख राजश्व संकलन गरेको छ ।

पालिकाले सार्वजनिक गरेको राजश्व संकलन सम्बन्धी विवरणमा संकलित राजश्वको विवरण उल्लेख गरिएको हो । जसमा एक महिनामै १५ लाख ९० हजार २ सय ९६ रुपैयाँ १७ पैसा राजश्व संकलन भएको जनाइएको छ । गाउँपालिकाको वडा नम्बर १ बाट ८७ हजार ८ सय २१ रुपैयाँ, २ नम्बर वडाबाट १७ लाख ६ सय ५ रुपैयाँ, ३ नम्बर वडाबाट १ लाख ९५ हजार ३२३ रुपैयाँ ६४ पैसा, ५ नम्बर वडाबाट ८९ हजार ७ सय ८९ रुपैयाँ राजश्व संकलन भएको पालिकाले जनाएको छ ।

त्यस्तै वडा नम्बर ६ बाट ९० हजार ७ सय ४७ रुपैयाँ, ७ नम्बर वडाबाट २ लाख ५ हजार ६ सय ९० रुपैयाँ, ८ नम्बर वडाबाट १ लाख १७ हजार ९ सय ७७ रुपैयाँ, ७३ पैसा, ९ नम्बर वडाबाट १ लाख ९५ हजार १३ रुपैयाँ राजश्व संकलन भएको छ भने गाउँपालिकाको कार्यालयबाट ५ लाख ३५ हजार ६ सय ६ रुपैयाँ ७२ पैसा राजश्व संकलन भएको पालिकाले जनाएको छ ।

मनहरी गाउँपालिकाले कर तथा गैरकर संकलन गर्न पाउने अधिकार क्षेत्रभन्दा रहेर राजश्व संकलन गरेको हो । पालिकाले आर्थिक ऐन, २०८० मा व्यवस्था भएका शीर्षकहरु कडाइकासाथ राजश्व संकलन गर्दै आएको छ । मनहरी मकवानपुरका ८ गाउँपालिकामा सबैभन्दा ठूलो बजेट ल्याउने गर्दछ । जिल्लाका १० स्थानीय तहमा हेटौंडा उपमहानगर पालिका र थाहा नगरपालिकापछि मनहरीले ठूलो बजेट ल्याउने गरेको छ । मनहरी अन्य पालिका भन्दा आन्तरिक आयस्रोतका बनियो छ । यहाँको सबैभन्दा ठूलो आयस्रोत भनेको नदीजन्य पदार्थको बिक्री हो ।

वडाअध्यक्ष केसीलाई ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/हेटौंडा उपमहानगरपालिका-९ का वडाअध्यक्ष सुकराम केसीलाई नेकपा एमाले हेटौंडा उपमहानगरपालिका-९ नम्बर वडा कमिटीले ध्यानाकर्षणपत्र बुझाएको छ ।

९ नम्बर वडाका पूर्ववडाअध्यक्ष लक्ष्मणप्रसाद भण्डारीको नेतृत्वमा गएको टोलीले देशव्यापी रुपमा फैलिएको डेंगु, आँखाँ पाक्ने रोग, लम्की स्किन, विकास निर्माणको गुणस्तरीयता, शिक्षा, स्वास्थ्य, सरसफाई, सडक, विद्युत, खानेपानी, रोजगारीलगायत साथै दैनिक सेवाप्रवाह र समसामयिक विषयमा वडाअध्यक्ष केसीलाई उनकै कार्यक्षमा ध्यानाकर्षण गराएको हो ।

वडाकमिटीले हाल देशव्यापी रुपमा फैलिदै गईरहेको डेंगु र आँखाँ पाक्ने रोगका कारण नागरिकको स्वास्थ्यमा देखिएको जोखिम यस वडामा पनि रहेको पाईएको तर, यस विषयमा वडा कार्यालयले खासै चासो र ध्यान दिएको नपाईएकोप्रति नागरिकको समेत गुनासो आएको भन्दै वडाले तुरुन्त यस विषयमा पहल गरोस र नागरिकको स्वास्थ्य प्रति जिम्मेवार बनोस भन्दै ध्यानाकर्षण गराएको हो ।

त्यस्तै गाईवस्तुमा फैलिदै गईरहेको लम्की स्किन रोगको प्रकोपको रोकथाम, उपचार र राहतको लागि सम्बन्धित निकायमा पहल गर्न, आर्थिक वर्ष २०७९/८० मा विभिन्न भौतिक निर्माणमा गुणस्तरहीन सामग्रीको प्रयोग भएको साथै कतिपय संरचनाहरु मापदण्ड विपरित समेत निर्माण भएको विषयमा ध्यानाकर्षण गराईएको एमाले ९ नम्बर वडा सचिव नारायण खतिवडाले बताए ।

त्यस्तै वडामा हुने विकास निर्माणमा सबैको सहभागिता र सहमतिमा काम गर्न/गराउन, सामाजिक क्षेत्रका कामहरु प्रभावकारी रुपमा अगाडि बढाउन, शिक्षा सुधारको योजना बनाउन साथै वडाको काम कारबाहीलाई पारदर्शी र जनमैत्री बनाउन ध्यानाकर्षण गराईएको उनले जानकारी दिए ।

ध्यानाकर्षणपत्र बुझ्दै वडाअध्यक्ष केसीले यसअघि भएका कमिकमजोरीलाई सच्याउँदै सबैको सल्लाह बमोजिम अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

साथै उनले वडाको विकासमा सबैको सहयोगको अपेक्षा रहेको र सहयोग गर्न आग्रह समेत गरे । ध्यानाकर्षण बुझाउने टोलीमा पूर्ववडाअध्यक्ष भण्डारी, पूर्ववडासदस्य लक्ष्मी नेपाली लगायतको सहभागिता थियो ।

मकवानपुरमा डेंगू संक्रमितको संख्या २०० नजिक

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरमा सोमवार थप २४ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । सोमबार गरिएको परीक्षणबाट उनीहरुमा डेंगू संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

यससँगै जिल्लामा डेंगू संक्रमितको कुल संख्या भण्डै २०० को हारहारीमा पुगेको छ । जिल्लामा गत साउन १ गतेदेखि आजसम्म डेंगू संक्रमितको कुल संख्या १९७ पुगेको छ । जसमा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगर पालिमा रहेका छन् । त्यहाँ १४५ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, मकवानपुरगढी गाउँपालिकामा २ जना, मनहरी गाउँपालिकामा २ जना, भीमफेदी गाउँपालिकामा ५ जना, बकैया गाउँपालिकामा १ जना, राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।



यस्तै, यो अवधिमा हेटौंडामा अस्पतालमा ४० जना र अन्य जिल्लाका एक जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यसअघि जिल्लामा डेंगू संक्रमणका कारण एक जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिकाका एकजना पुरुष रहेका छन् ।

बागमतीमा अन्तर प्रदेश राष्ट्रिय खेलकुद गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशले अन्तर प्रदेश राष्ट्रिय खेलकुद फागुनमा आयोजना गर्ने भएको छ ।

परिषद्का अध्यक्ष सामाजिक विकास मन्त्री कुमारी मोक्तानको अध्यक्षतामा काठमाडौंमा आइतबार बसेको बोर्ड बैठकले अन्तर प्रदेश राष्ट्रिय खेलकुद यसै वर्षको फागुन २४ देखि ३० गतेसम्म गर्ने निर्णय गरेको परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीले जानकारी दिए ।

प्रतियोगिता आयोजना स्थान भने तय भइसकेको छैन । प्रतियोगितामा ७ प्रदेशको सहभागिता रहने छ । अन्तर प्रदेश राष्ट्रिय खेलकुदमा कम्तीमा १३ खेल समावेश गरिने भएको छ ।

दोस्रो बागमती प्रदेश खेलकुदमा समावेश १३ खेललाई समावेश गरिने सदस्य-सचिव भण्डारीले जानकारी दिए । दोस्रो बागमती प्रदेश खेलकुदमा एथलेटिक्स, पौडी, ब्याडमिन्टन, करते, तेक्वान्दो, भलिबल, उसु, जुडो, आईटीएफ तेक्वान्दो, रग्बी, फुटबल, क्रिकेट र बक्सिङको प्रतिस्पर्धा भएको थियो । बैठकले बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड माघ मसान्तसम्म गर्ने निर्णय पनि गरेको छ ।

त्यस्तै स्थानीय तह र जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड क्रमशः मङ्सिर र पुसमा सम्पन्न गर्ने गरी तयारी अगाडि बढाइने भएको छ । बैठकमा गत आर्थिक वर्षको समीक्षा पनि भएको थियो ।

हेटौंडाका विद्यार्थीलाई छुट प्याकेजसहित आरम्भ कलेजको निम्ता

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/होटल म्यानेजमेन्टमा स्नातक तह अध्ययन गर्ने विद्यार्थीलाई एक लाखसम्मको छुट प्याकेजसहित चितवनको एक कलेजले हेटौंडाका विद्यार्थीलाई निम्ता दिएको छ ।

हेटौंडामा सोमबार पत्रकार सम्मेलन गर्दै चितवनको भरतपुरमा पहिलोपटक सञ्चालित आरम्भ कलेजले प्रत्येक विद्यार्थीलाई छुट दिने प्याकेज ल्याएर अध्ययनका लागि निम्ता दिएको हो ।

क्याम्पस प्रमुख सुरज शिवाकोटीले कलेजको स्थापना भएसँगै चितवन, मकवानपुर, नवलपुरका विद्यार्थीले उच्चशिक्षाका लागि काठमाडौं धाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुने गरी कलेज सञ्चालनमा ल्याएको बताए । उनले ४ वर्षे अध्ययन पछि विद्यार्थीलाई युरोपियन देशहरुमा रोजगारका लागि सहज वातावरण सिर्जना गर्ने बताउँदै क्यापसप्रमुख शिवाकोटीले पहिले कमाउँदै योजना रहेको बताए ।

विद्यार्थीलाई दिउँसको समयमा काम गर्ने वातावरण कलेजले बनाईदिने शिवाकोटीले बताएका छन् । उनले लामो समय कलेज सञ्चालनको अनुभव गरेका व्यक्तिको टिमबाट सञ्चालन गरिएको कलेजमा पहिलो वर्षमा भर्ना भएका प्रत्येक विद्यार्थीलाई १/१ लाख बराबरको छात्रवृत्ति समेत प्रदान गरिने शिवाकोटीले बताए । सात लाख ५० हजारको प्याकेज हो हामी विद्यार्थीलाई प्याकेजमा एक लाख छात्रवृत्ति दिन्छौं, शिवाकोटीले भने । १३२ जनाको सिट रहेकाले सुरुमा भर्ना गर्ने १५ जनालाई पनि छुट्टैछुटको व्यवस्था रहेको बताएका छन् । देशकै जेठो त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजमा ब्याचलर इन होटल म्यानेजमेन्ट र ब्याचलर अफ इन्फर्मेसन म्यानेजमेन्ट अध्यापन हुने कलेजले जनाएको छ ।

स्वास्थ्य सेवालाई निजामतीभित्र राख्ने प्रस्ताव हट्यो

काठमाडौं/स्वास्थ्य सेवाका कर्मचारीलाई निजामती सेवाभित्रै राख्ने सरकारको प्रस्ताव असफल भएको छ ।

मन्त्रिपरिषदको विधायन समितिबाट लोकसेवा आयोग पुगेको संघीय निजामती ऐनको मस्यौदामा यसअघि सरकारले गरेको प्रस्ताव हटाएर स्वास्थ्य सेवालाई निजामती सेवामा नरहने बनाइएको छ ।

यसले स्वास्थ्य सेवा हालकै जस्तो स्वास्थ्य सेवा ऐनमार्फत नै व्यवस्थापन हुने तय भएको छ । मन्त्रिपरिषदमा पुग्दासम्म मस्यौदामा निजामती सेवामा स्वास्थ्य सेवालाई समेत समेटिएको थियो ।

छलफलका क्रममा नै स्वास्थ्य सेवालाई निजामतीमा नराख्ने गरी राजनीतिक दलहरुबीच सहमति भएसँगै स्वास्थ्यलाई निजामतीमा ल्याउने मस्यौदाको व्यवस्था हटाइएको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय स्रोतले बताएको ।

'नेपाली कांग्रेसका तर्फबाट सहभागी मन्त्रीहरुले यसमा आपत्ति प्रकट गर्नुभएको थियो', स्रोतले भन्यो, 'उहाँहरुले संवेदनशील स्वास्थ्य सेवालाई निजामतीभित्र समेट्दा भविष्यमा कर्मचारीको खटनपटन र व्यवस्थापन जटिल बन्ने र गाउँमा डाक्टरसहितका स्वास्थ्यकर्मीहरु नै पठाउन नसकिने तर्क गरेपछि प्रस्ताव हटाएर विधायन समितिले लोकसेवामा पठाइएको छ ।'

हाल स्वास्थ्य सेवाका कर्मचारीको व्यवस्थापन र सेवा सञ्चालन स्वास्थ्य सेवा ऐन २०५३ अनुसार भइरहेको छ । लामो समयदेखि स्वास्थ्य सेवालाई निजामती सेवाभित्रै समेट्ने कि नसमेट्ने भन्नेमा विवाद छ ।

२०४९ सालमा निजामती सेवा ऐन जारी हुँदा स्वास्थ्य सेवा निजामती अन्तर्गत नै राखिएको थियो । तर २०५३ सालमा स्वास्थ्य सेवा ऐन जारी भएपछि स्वास्थ्य सेवाको गठनसम्बद्ध व्यवस्था निजामती ऐनबाट झिकिएको थियो ।

हाल निजामती सेवा ऐनमा आर्थिक योजना तथा तथ्यांक सेवा, इन्जिनियरिङ सेवा, कृषि सेवा, न्याय सेवा, परराष्ट्र सेवा, लेखापरीक्षण सेवा, वन सेवा, शिक्षा सेवा र विविध सेवा छन् ।

२०५३ मा निजामती सेवाबाट छुट्टिएपछि स्वास्थ्य सेवातर्फ निजामतीको भन्दा फरक व्यवस्थाहरु गरिएका छन् । निजामतीमा श्रेणीगत पद विभाजन हुने गरेको छ भने स्वास्थ्य सेवामा तहगत पद विभाजनको व्यवस्था गरिएको छ ।

स्वास्थ्य सेवा ऐनले गरेको कतिपय व्यवस्था निजामतीभन्दा बढी उन्नत रहेको भन्दै संघीय निजामती ऐनमा समेत त्यसलाई पछ्याउन खोजिएको छ ।

स्वास्थ्य सेवाले अलग्गै किसिमले विभिन्न व्यवस्था गर्दै सेवासुविधा र वृत्ति विकासमा बढी लाभ लिएको अवस्था छ । सरकारी सेवामै रहेकाहरुबीच यसले विभेद सिर्जना भएको भन्दै अन्य सेवाका कर्मचारीले स्वास्थ्य सेवालाई पनि निजामती अन्तर्गत नै व्यवस्थापन गर्नुपर्ने माग गर्दै आएका छन् ।

तर, अब स्वास्थ्य सेवाका कतिपय व्यवस्था समेत राखेर संघीय निजामती ऐन ल्याउन लागिएको छ ।

निजामती सेवामा ५८ वर्ष उमेर हद छ भने स्वास्थ्य सेवामा ६० वर्ष छ । अब संघीय निजामती ऐनमा पनि उमेरहद ६० नै राख्न प्रस्ताव गरिएको छ । त्यसैगरी निजामतीमा श्रेणीगत व्यवस्था हटाएर स्वास्थ्य सेवाकोजस्तै तहगत पद सिर्जना गर्न खोजिएको छ ।

२० जनालाई छात्रवृत्तिमा प्राविधिक पढाउँदै कैलाश

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ मकवानपुरको कैलाश गाउँपालिकाले छात्रवृत्तिमा १८ महिने प्राविधिक शिक्षा अध्ययनका गर्न चाहने विद्यार्थीको नामावली पठाउन वडा कार्यालयलाई परिपत्र गरेको छ । वडामा निवेदन परेकामध्ये प्रतिवडा २/२ जना छात्रछात्राको दरले छात्रवृत्ति उपलब्ध गराइने गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सूर्यबहादुर थिङले जानकारी दिए । कैलाशमा १० वटा वडा रहेका छन्।

चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार पीजेटीए तथा भीजेटिए पढ्न पाउनिकाले छात्रवृत्ति उपलब्ध गराउन लागिएको गाउँपालिकाले जनाएको छ । पालिकाको वार्षिक नीति तथा कार्यक्रम र स्वीकृत वार्षिक बजेट अनुसार गाउँपालिका भित्र स्थायी बसोबास गरेका माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका विद्यार्थीले छात्रवृत्ति छनोटमा सहभागी हुन पाउनेछन् ।

छनोट भएका विद्यार्थीहरुले कालिका माध्यमिक विद्यालय नामटारमा १८ महिने शिक्षा प्राविधिक शिक्षा पढ्न पाउनेछन् । वडाहरुले यही ७ भाद्रसम्म विद्यार्थी छनोट गरिसक्नु पर्नेछ ।

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

दर्शनीय स्थानहरू :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछड्डी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित) नोट:- रिक्सा टाड्ना, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ ।

सम्पर्क:-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

आँखा पाक्ने रोगका लक्षण देखिएमा घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु

- बरफले आँखा सेक्नुरुने ।
- सेक्दा आँखा बन्द गरेर वा सफा रुमालले सेक्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- बाहिर घाममा जाँदा कालो चस्मा लगाउने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तरुरुना आदी दैनिक धुने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अरुलाई प्रयोग गर्न नदिने ।
- स्वास्थ्यकर्मीको सल्लाहविना जथाभावी औषधी प्रयोग नगर्ने ।
- दृष्टि कम हुने लगायका आँखा सम्बन्धी समस्या बढेमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना